इन्टरनेशनल बैंक फर रिकन्स्ट्रक्सन एण्ड डेभलपमेन्ट
इन्टरनेशनल डेभलपमेन्ट एसोसियसन

आइएनएसपी/९३७२२-एनपी

# इन्स्पेक्सन प्यानल (निरीक्षण प्यानल) ले दिएको अनुसन्धान प्रतिवेदनपछि तयार पारिएको व्यवस्थापनको प्रतिवेदन तथा सिफारिस

## नेपाल

## ऊर्जा विकास परियोजना

(ऋण नं. पी०४३३११)
मार्च ३०, २०१५

*"यो प्रतिवेदन मूल अंग्रेजी संशकरणको नेपाली अनुवाद हो । यसमा उल्लेखित वाक्यांश तथा अर्थ फरक पर्न गएकोमा मूल अंग्रेजी संशकरण नै मान्य हुनेछ । यस प्रतिवेदनको मूल अंग्रेजी संशकरणलाई मात्र आधिकारिक संशकरण मानिनेछ ।"*

# नेपाल
# ऊर्जा विकास परियोजना
# (ऋण नं. पी०४३३११) को
# इन्स्पेक्सन प्यानलले दिएको अनुसन्धान प्रतिवेनपछि
# तयार पारिएको
# व्यवस्थापनको प्रतिवेदन तथा सिफारिस

यो इन्स्पेक्सन प्यानल (निरीक्षण प्यानल) स्थापना सम्बन्धी रिजोलुसन इस्टाब्लिसिङ् द इन्स्पेक्सन (आइबीआरडी रिजोलुसन ९३-१० र आइडीए रिजोलुसन ९३-६ ) को अनुच्छेद २३ ले व्यवस्था गरेबमोजिम स्थापित र इक्जिक्युटिभ डाइरेक्टर्स समक्ष पेश गर्नका लागि तयार पारिएको व्यवस्थापनको रिपोर्ट एण्ड रिकमेन्डेशन (प्रतिवेदन तथा सिफारिस) हो । यो प्रतिवेदन इन्स्पेक्सन प्यानल (निरीक्षण प्यानल) ले तयार पारेको अनुसन्धान प्रतिवेदन २०१५ फेब्रुअरी १२ नं ९३३७२-एनपी को जवाफमा व्यवस्थापनले तयार पारेको हो । प्यानलले अनुसन्धान गरेको परियोजना नेपाल ऊर्जा विकास परियोजना (ऋण नं. पी०४३३११) अन्तर्गत पर्दछ ।

# इन्स्पेक्सन प्यानलले दिएको अनुसन्धान प्रतिवेदन नं ९३७२२-एनपी को जवाफमा तयार पारिएको

## व्यवस्थापनको  रिपोर्ट एण्ड रिकमेन्डेशन (प्रतिवेदन तथा सिफारिस)

# नेपाल
# ऊर्जा विकास परियोजना
# (ऋण नं. पी०४३३११)

बिषयसूची


कार्यकारी सारांश ..........................................................................आ

१. परिचय..............................................................................................१

२. परियोजना र मुलुकको परिवेश ........................................................२

३. प्यानलको फाइन्डिङ्स (जाँच परिणाम).................................................८

४. प्यानलको फाइन्डिङ्स (जाँच परिणाम) मा व्यवस्थापनको प्रतिक्रिया...........१२

५. फाइन्डिङ्स (जाँच परिणाम) को प्रतिक्रियामा व्यवस्थापनले तयार पारेको कार्ययोजना..........................................................................२१

६. निष्कर्ष ...........................................................................................२४

**अनुसूची**

अनुसूची १. जाँच परिणाम, टिप्पणी र कार्यहरु

अनुसूची २. २०१३ को व्यवस्थापनको कार्ययोजनाको कार्यान्वयन स्थिती

# संक्षिप्त शब्दावली

| | |
|---|---|
| एआरएपी | एब्रेभियटेड रिसेटलमेन्ट एक्सन प्लान |
| बीपी | बैंक प्रोसिजर |
| डिएओ | डिस्ट्रिक्ट एडमिनिस्ट्रेशन अफिस (जिल्ला प्रशासन कार्यालय) |
| इए | इन्भारान्मेन्टल एसेसमेन्ट (वातावरणीय मूल्यांकन) |
| इएमयु | वातावरणीय व्यवस्थापन एकाइ |
| इएसएसडी | वातावरणीय तथा सामाजिक अध्ययन विभाग |
| जीआरएम | गुनासो समाधान संयन्त्र |
| आइसीएनआइआरपी | इन्टरनेशनल कमिशन अन नन-आयोनाइजिङ् रेडिएसन प्रोटेक्सन |
| आइडीए | अन्तर्राष्ट्रिय विकास संस्था |
| आइपीएन | इन्स्पेक्सन प्यानल |
| केडिटिएल | खिम्ती-ढल्केबर प्रसारण लाइन |
| केएम | किलोमीटर |
| केभी | किलोभोल्ट |

| | |
|---|---|
| एमडब्लु | मेगावाट |
| एनइए | नेपाल विद्युत् प्राधिकरण |
| ओडी | अपरेसनल डाइरेक्टिभ |
| ओएमएस | अपरेसनल म्यानुअल स्टेटमेन्ट |
| ओपी | अपरेसनल पोलिसी |
| पिएपी | परियोजना प्रभावित मानिसहरु |
| पीडीएफ | पावर डेभलपमेन्ट फण्ड |
| पीडिपी | ऊर्जा विकास परियोजना |
| पिआरए | पार्टिसिपेटरी रुरल अप्राइजल |
| पीएसआरएसएचडीपी | पावर सेक्टर रिफर्म एण्ड सस्टेनेबल हाइड्रोपावर डेभलमेन्ट प्रोजेक्ट |
| आर एण्ड आर | रिसेटलमेन्ट एण्ड रिह्याविलिटेशन |
| आरएपी | रिसेटलमेन्ट एक्सन प्लान |
| आरओडब्लू | राइट अफ वे |
| एसपीएएफ | परियोजना अतिप्रभावित परिवार |

# कार्यकारी सारांश

## व्यवस्थापनको प्रतिक्रिया

*क. **व्यवस्थापनले प्यानलले परियोजना समीक्षा गरेकोमा प्रशंसा गर्दछ । साथै नेपालमा चालू रहेको पीडीपी परियोजनाको महत्व, बैंकको यस परियोजनामा सहभागिता, देशको अप्ठ्यारो परिस्थिति र व्यवस्थापनले निवेदकहरुको जायज चासोलाई सम्बोधन गर्न चालेको कदमहरुलाई मान्यता प्रदान गरेकोमा पनि व्यवस्थापनले प्यानलको प्रशंसा गर्दछ ।***

**ख. व्यवस्थापनले प्यानलले ठहर गरेका कुराहरुलाई स्वीकार्नुका साथै** वातावरणीय मूल्यांकन (स्वास्थ्यमा पार्ने प्रभाव) को पालना, इन्भोलुन्टरी रिसेटलमेन्ट (अस्विेच्छिक पुनर्वास), आदिवासी जनजाति, सांस्कृतिक सम्पदाको संरक्षण गरिएको छ । तर वातावरणीय प्रभाव मूल्यांकन (संस्थागत विश्लेषण), अस्वेच्छिक पुनर्वास (जग्गा अधिग्रहण र क्षतिपूर्ति, पुनर्वास तथा पुनर्स्थापनाको कार्यान्वयनमा सहयोग, गुनासो समाधान) को पालना नहुनु एवम् सूचनाहरु सार्वजनिक नगरिनु अनि छलफल पनि नगरिनु पालना नभएकाहरु मध्ये पर्दछन् ।

ग. **परियोजना अवधिभर नेपालको राजनीतिक विकास र अस्थिरताले परियोजना कार्यान्वयन र सुपरिवेक्षणमा प्रभाव पारेको कुरा प्यानलले उल्लेख गरेको छ एवम् परियोजनाबाट प्रभावित समुदायसँग पुग्ने र परियोजनावारे आएका चासोहरुलाई समाधान गर्ने क्षमतामा पनि प्रभाव पारेको थियो** । परियोजना तयार गर्दाका बखत नेपालमा द्वन्द्व र विद्रोहको समय थियो । त्यतिबेला माओवादी विद्रोहीहरुले गाउँहरुमा नियन्त्रण राख्दथे अनि मुलुकले नै भयानक युद्ध र हिंसाबाट भोग्दै थियो । यस्तो परिस्थितिले नेपाल विद्युत् प्राधिकरणलाई परियोजना संचालन गर्न एवम् बैंकलाई पनि परियोजना सुपरीवेक्षण गर्ने कार्य निक्कै चुनौतीपूर्ण थियो । सिन्धुलीमा त झन् समस्या अझ बढी भयानक थियो जसका कारणले राजनीतिक रुपमा संवेदनशील यो क्षेत्रमा संचालित यो केडीटीएल पूर्णरुपमा नै अवरुद्ध हुन पुग्यो ।

घ. **व्यवस्थापनले आजका दिनसम्म पनि सिन्धुलीका निवेदकहरु कसैको पनि संरचनाहरु भत्काइएको छैन भन्ने कुरामा जोड दिनुका साथै कोही पनि सिन्धुलीका निवदेकलाई नहटाइएको भनेको छ ।** यसैगरी परियोजना पनि सम्पन्न भएको छैन । निवेदकहरुको विरोधका कारणले सिन्धुलीमा पर्ने ३.८५ किमीमा केही टावर निर्माण गरिएको छैन र तिनै टावरहरुमा तान्नुपर्ने बिजुलीको लाईन टाँग्ने कार्य पनि गर्न सकिएको छैन ।

ङ. **व्यवस्थापन सरकारसँग मिलेर प्यानलले उठाएका सवालहरु समाधान गर्न प्रतिवद्ध छ ।** पीडीपी २०१३ डिसेम्बर ३१ मै बन्द भइसकेको, परियोजनाको डिजाइनकै बेला गरिएको परीक्षणबाट पत्ता लागेका कुराहरु र प्यानलको प्रतिवेदन सार्वजनिक नगरी २७ घरधुरीको समूहले पुनर्वासको क्षतिपूर्ति लिन अस्वीकार गरिरहेको विद्यमान अवस्थामा व्यवस्थापनले निवेदकहरुसँग मार्च २४, २०१५ मा छलफल गरेको र हालको अवस्थामा प्यानलले ठहरेका विषयहरु समाधान गर्नका लागि आवश्यक कार्यहरु पहिचान गर्न बरोअर (अवलम्बनकर्ता) सँग पनि छुट्टै छलफल गरिसकेको छ ।

च. व्यवस्थापनले सरकारसँग खासगरी एनइएको क्षमता अभिवृद्धि गर्ने कामहरु गर्नेछ, ती कामहरुमा वातावरणीय एवम् सामाजिक मुद्दाहरु व्यवस्थापन गर्न क्षमता वृद्धि गर्ने, पुनर्वास कार्ययोजना (आरएपी) लाई अद्यावधिक गरी कार्य गर्न एवम् उचित डकुमेन्टेशन गर्ने, बाँकी रहेको क्षतिपूर्ति दिने, पुनर्वास तथा पुनर्स्थापना (आर एण्ड आर)मा सहयोगको कार्य सक्ने, गुनासो सुन्ने र समाधान गर्ने संरचना (जीआरएम) को अनुगमन गर्ने, प्रभावित समुदायलाई सूचना दिने रहेका छन् । व्यवस्थापनले सरकार र नेपाल विद्युत् प्राधिकरणलाई उल्लेखित कार्यहरु गर्न सघाउनेछ एवम् त्यस कार्यमा हाल तयारीमा रहेको प्रस्तावित पावर सेक्टर रिफर्म एण्ड सवस्टेनबेल हाइड्रोपावर डेभलपमेन्ट परियोजना (पीएसआरएसएचडीपी) बाट पनि उल्लेखित कार्यहरु अगाडि बढाइनेछ । यहाँको टिम नै संस्थागत सुधार एवम् क्षमता अभिवृद्धिजस्ता मुद्दाहरुको छलफलमा लागिपर्ने र खासगरी सेफगार्ड व्यवस्थापन र प्रसारण लाइनको क्षेत्रमा पर्ने जग्गाको क्षतिपूर्ति दिने कार्य पनि गर्नेछ ।

## *पृष्ठभूमि*

छ. इन्स्पेक्सन प्यानलले बैंकको वित्तीय लगानीमा सञ्चालित पावर डेभलपमेन्ट प्रोजेक्ट (उर्जा विकास परियोजना) परियोजनाको निरीक्षण गर्न सन् २०१३ जुलाईमा निवेदन दर्ता गराएको थियो । त्यस्तो निवेदन सिन्धुली जिल्लाका १०३ परिवारले बुझाएका थिए र ती परिवारलाई नागरिक समाजका संस्था र सदस्यहरुले सघाएका थिए । व्यवस्थापनले २०१३ को सेप्टेम्बरमा ती निवेदनमा उठाइएका दाबीहरुमा जवाफ दिदै ती मुद्दाहरु समाधान गर्न एक कार्ययोजना पनि प्रस्ताव गरेको थियो । व्यवस्थापनले कार्यान्वयनमा भए गरेका सहयोगबारे पनि प्यानललाई जानकारी गराएको थियो ।

ज. प्यानलले ती निवेदनहरुलाई जायज ठहऱ्याई एक्जिक्युटिभ डनइरेक्टर्सको अख्तियारी पाएपश्चात् अनुसन्धान गरीसन् २०१५ फेब्रुअरी १२ मा प्रतिवेदन समेत बुझायो ।

झ. परियोजनाका लक्ष्यहरु निम्न छन् । (क) नेपालको जलविद्युत्को विकास गरी विजुलीको माग पूरा गर्ने र त्यसो गर्दा वातावरणमैत्री एवम् समाजको दिगो विकासलाई अपनाउने, (ख)

ग्रामीण क्षेत्रमा बिजुलीको पहुँचमा सुधार गर्ने, (ग) कार्यक्षेत्रगत दक्षतामा सुधार ल्याउने र त्यस क्षेत्रमा आवश्यक पर्ने वित्तीय लगानी व्यवस्थापन गरी उर्जामा निजीक्षेत्रको सहभागितालाई प्रबर्द्धन गर्ने । प्यानलले नेपालका लागि ऊर्जा विकास परियोजनाको महत्व र बैंकको महत्वपूर्ण परियोजनामा संलग्नतालाई स्वीकारेको प्रति व्यवस्थापन खुशी व्यक्त गर्दछ ।

ञ. इन्स्पेक्सन (निरीक्षण) का लागि निवेदन परेको परियोजना कम्पोनेन्ट 'सी' सँग सम्बन्धित छ, जुन कम्पोनेन्टमा नेपाल विद्युत् प्राधिकरणको ग्रिड ट्रान्समिसन र वितरण सुधार गर्ने काम पनि पर्दछ । त्यो निवेदनको विषयवस्तुमा कम्पोनेन्ट सी अन्तर्गत खिम्तीको पावर स्टेशनदेखि ढल्केबर सबस्टेशन (केडीटीएल) सम्म २२० केभीको डबल सर्क्युट प्रसारण लाइनका कार्यहरुमा पर्दछन् । केडीटीएल चारवटा जिल्ला हुँदै करीब ७५ किमी दुरी लामो छ भने यसले करीब ३० मीटर ट्रान्समिसन करिडोर (आरओडब्लू) चौडाई ओगटेको छ । यसको निर्माण २००७ मा सुरु भएको हो, झण्डै सबैजसो टावर निर्माण सकिएको छ र केडीटीएलका सबै विवादरहित भागहरुमा तार टाँग्ने कार्य पनि सम्पन्न भइसकेको छ ।

ट. पहिलो पीडीपी सन् २००३ मई २२ मा स्वीकृत भएको हो जसमा कूल रकम ८४.२ मिलियन अमेरिकी डलर खर्चमा सन् २०१३ डिसेम्बर ३१ भित्रै सक्ने तय गरिएको थियो । यसबीचमा परियोजनाको साइटमा आएको असुरक्षाका कारण परियोजना पटकपटक अवरुद्ध भयो र यसको तीनपटक पुनर्संरचना गरिएको (म्याद थपिएको) र परियोजनामा थप लगानी पनि उपलब्ध गराइएको छ ।

# १. परिचय

१. सन् २०१३ को जुलाई २४ मा निरीक्षण प्यानलले निरीक्षणका लागि निवेदन आइपीएन रिक्वेस्ट आरक्यू १३/५ दर्ता गरायो (यसपछि "निवेदन" भनिएको) जुन नेपाल उर्जा विकास परियोजना (पीडीपी अथवा "परियोजना") सँग सम्बन्धित छ र यसलाई इन्टरनेशनल डेभलपमेन्ट एसोसिएसन अर्थात् अन्तर्राष्ट्रिय विकास संस्था (बैंक) ले वित्तीय लगानी गरेको हो । सिन्धुली जिल्लाका तीनवटा गाविसका १०३ आदिवासी तथा गैरआदिवासी परिवारले ("निवेदकहरु") नागरिक समाजका संस्था र सदस्यहरुको सहयोगमा निरीक्षणका लागि निवेदन दिएका थिए । निवेदकहरुले लयर्स एसोसिएसन फर दि ह्यूमन राइट्स अफ नेपलिज इन्डिजिनियस पिपल्स ("एलएएचयुआरएनआइपी") लाई आफ्नो प्रतिनिधि भई निवेदन दिन अख्तियारी दिएका थिए ।

२. प्यानलले आइडीएका अध्यक्ष र एक्जिक्युटिभ डाइरेक्टर्सलाई त्यस निवेदनवारे जानकारी गराएका थिए । सन् २०१३ को सेप्टेम्बर १८ मा व्यवस्थापनले निवेदनमा गरेका दाबीहरुबारे जवाफ दिदै प्यानललाई समस्या समाधानका लागि प्रस्तावित कार्ययोजना तथा कार्यान्वयनमा भएका प्रगतिवारे पनि जानकारी गराएको थियो ।

३. प्यानलले स्थानीयको अनुरोधलाई जायज ठहर्दै बोर्ड अफ एक्जिक्युटिभ डाइरेक्टर्सलाई अनुसन्धान गर्नका लागि अख्तियारी दिन सिफारिस गऱ्यो तर त्यस्तो अनुसन्धान व्यवस्थापनको कार्ययोजनालाई मध्यनजर गर्दै सन् २०१४ को अप्रिल १४ पछि मात्र गर्नुपर्ने प्रस्ताव पेश गऱ्यो । एक्जिक्युटिभ डाइरेक्टर्सले अनुन्धानको अख्तियारी स्वीकृत गऱ्यो ।

४. सन् २०१५ फेब्रुअरी १२ मा प्यानलले अनुसन्धान प्रतिवेदन जारी गऱ्यो । व्यवस्थापनले प्यानलको स्पष्ट अनुसन्धान एवम् सम्पूर्ण प्रस्तुतिको प्रशंसा गरेको छ । यो प्रतिवेदनलाई तीन भागमा बाँडिएको छ । भाग २ मा परियोजना र मुलुकको परिस्थिति बर्णन गरिएको छ भने भाग ३ ले प्यानलको अनुसन्धानका जाँच परिणामहरुलाई संक्षेपीकरण गरेको छ । भाग ४ ले प्यानलको जाँचपरिणामहरुमा आधारित भएर व्यवस्थापनको कार्ययोजना र भाग ५ मा निष्कर्षलाई समेटिएको छ । प्यानलको निष्कर्ष र व्यवस्थापनको प्रतिक्रियाहरुलाई अनुसूची १ मा विस्तृत रुपमा व्यख्या गरिएको छ ।

# २ : परियोजना र मुलुकको परिवेश

## देशको परिस्थिति

५. ***पीडीपीको कार्यान्वयन अशान्त अवस्थामा गरिएको थियो ।*** सन् १९९६ अर्थात् परियोजना सुरु हुनुभन्दा एक दशकभन्दा अगावै पहिले माओवादी विद्रोहीले राजतन्त्रको अन्त्य गर्न भन्दै राज्यसँग असन्तुष्ट भई गाउँका मानिसहरुमाझ सशस्त्र विद्रोह सुरु गरेका थिए । सन् २००५ सम्ममा आइपुग्दा त माओवादी विद्रोहले सबैजसो गाउँहरु नै ओगटिसकेको थियो र सन् २००६ को सुरुमा राजाले सम्पूर्ण सार्वभौमसत्ता जनताका प्रतिनिधिलाई सुम्पन सहमत भए र त्यसपछि छिट्टै नेपालमा धर्मनिरपेक्ष संघीय गणतन्त्र घोषणा गरियो ।

**बक्सः नेपालमा पहिचानको राजनीति**

हालैका बर्षहरुमा जातीय आन्दोलनको सुरुवात र संघीयताको बहसमा पहिचानको राजनीति हावी भएको कारणले गर्दा नयाँ संविधानमा सहमति गर्ने प्रयास जटिल बनेको छ । विभिन्न जातीय समुदायहरुले नयाँ संविधानमा आ-आफ्नो अधिकार राख्ने कोशिस गरिराखेको समयमा त्यस जटिलताले नेपालको अति जटिल जातीय, धार्मिक, भौगोलिक र वर्गीय विभाजनको प्रतिनिधित्व गर्दछ र यसले त्यस जटिलतालाई झन् खराब बनाउँदै लगेको छ । कथित तल्ला जातका मानिसहरु तथा ग्रामीण बस्तीमा बस्ने मानिसहरु इतिहासदेखि नै पछाडि पारिएका छन् । नेपालमा लामो समयदेखिको संरचनागत रुपमा सामाजिक हिसाबले पछाडि पारिएकाहरुको मुद्दा अझै समाधान भएको छैन र यसले खास धेरै ठूलो समुदायलाई नराम्रोसँग प्रभावित पारेको छ जसमा मुख्यतया विभिन्न जातीय र स्थान विशेषका समहूहरु तामाङ, थारु, मगर, मुस्लिम सहित दलितहरु पर्दछन् र कूल जनसंख्यामा यिनीहरुको संयुक्त हिस्सा झण्डै ४० प्रतिशत छ साथै मधेशका निश्चित समुदायहरु पनि पछाडि पारिएकामध्ये पर्दछन् ।

६. ***राजतन्त्र हटाइएपनि राजनीतिक विभाजन र अस्थिरता कायमै रह्यो ।*** त्यसयता देशमा हालसम्म ६ वटा सरकार बनिसके । सन् २००८ मा संविधान लेख्न काम दिइएको संविधानसभा काम नसकी सन् २०१२ मई महिनामा विघटन भयो । त्यसयता नेपाल कानुनी, प्रशासनिक र संवैधानिक अनिश्चितताहरुबीच गुज्रिरहेको छ र यसो हुनुको पछाडि नेपालका मुख्य दलका नेताहरुले सहमति गर्न नसक्नु हो । हालसालै सुरु भएको पहिचानको राजनीतिले सहमति निर्माणलाई झन् जटिल बनाएको छ (बक्समा हेर्नुहोस्) । सन् २०१३ मार्चमा करीब एक बर्षको अन्योल र अनिश्चितता पश्चात् राजनीतिक दलहरुले अन्तरिम सरकार गठन गर्न सहमत भए जसमा नेपाल सरकारका पूर्वसचिवहरु मन्त्रीमण्डलका सदस्यहरु बने भने त्यसको नेतृत्व प्रधानन्यायाधीशले गरे । यो सरकारको काम नयाँ संविधान सभाको निर्वाचन गर्ने रहेको थियो । सन् २०१३ नोभेम्बरमा चुनाव सफलतापूर्वक सम्पन्न भयो र नयाँ संविधानसभाको पहिलो बैठक सन् २०१४ जनवरीमा बस्यो । संविधानसभामा रहेका सबै दलले सार्वजनिक रुपमा एक बर्षभित्रै संविधान बनाइसक्ने बाचा गरेपनि त्यसलाई व्यवहारमा उतार्न सकेनन् । समयसीमाभित्रै संविधान बनाउन सकेनन्, मुख्य मुद्दाहरु अझै सल्टिएका छैनन् ।

७. ***नेपाल द्वन्द्वबाट गुज्रेको र कमजोर राज्य भएकोले, सार्वजनिक क्षेत्रमा क्षमता विकास र सुशासन कायम गर्ने मुख्य चुनौतीहरु रहेका छन् ।*** बहुदलीय प्रजातान्त्रिक व्यवस्थातर्फ जानका लागि राजनीतिक

परिवर्तन हुने बेलामा आर्थिक, राजनीतिक र देशको प्रशासनिक व्यवस्था कसरी व्यवस्थापन गर्ने भन्नेबारे विवाद जारी रहनेछ । विद्रोह अन्त्यभएदेखि समुदायहरु र समूहहरुको सरोकारहरुवारे स्पष्ट पार्न, विद्यमान मतभेदमा कमी ल्याउन तथा उनीहरुको के बाध्यता छ भनी बताउन र अधिकारको पनि रक्षा गर्न अझ बढी समावेशी संयन्त्र, प्रक्रिया र संस्थाहरुको प्रयोगमा सकारात्मक प्रयासको संकेत पाइन्छ । तर बृहत्तर समावेशिताका लागि यो प्रयास मात्र पर्याप्त छैन । साँचो अर्थमा भन्ने हो भने, कमजोर सार्वजनिक क्षेत्रको क्षमता र शासन व्यवस्था सम्भवतः सबैभन्दा ठूलो एउटै अवरोध हो जसले नेपाललाई कमजोर हुनबाट रोक्न, शान्तिलाई मजबुत पार्न एवम् सामाजिक र आर्थिक सम्भाव्यताहरु हासिल गर्नबाट रोकिराखेको छ ।

सेवाप्रवाह र विभिन्न क्षेत्र र जनसंख्याको मानव विकास गरी लामो समयदेखि विद्यमान असमानता हटाउनका लागि सन् २००६ यता प्रशंसनीय कदम चालिए पनि कमजोर शासन व्यवस्था त्यसमा बाधक बनेको छ । साथै विगत १२ बर्षदेखि स्थानीय निर्वाचन हुन सकेको छैन र जसको कारणले स्थानीय तहको जवाफदेहितामा नराम्रोसँग प्रभाव पारेको छ । आधारभूत शासन व्यवस्था चालू रहेको स्थानमा पनि त्यसको प्रभाकारीता अभिवृद्धि आवश्यक छ ।

८. ***माओवादीले विगतका विद्रोहका केन्द्रहरुमा अझै पनि पकड कायम राखेकै छन् ।*** ती जिल्लाहरुको केन्द्रीय सरकारको प्रभाव कमजोर देखिन्छ । सिन्धुली जिल्ला पनि सन् १९९६ मा माओवादीले सशस्त्र विद्रोहको सुरुवात गरेको पाँच जिल्लामध्ये एक हो जहाँबाट हाल निरीक्षणको लागि निवेदन परेको छ । सन् २००८ को चुनावपश्चात् मधेशी र तराईका जनजातिहरुको आन्दोलनका कारणले ठूलो संख्यामा सिन्धुली जिल्ला लगायतका क्षेत्रहरुमा वसाइ सराई भई जग्गाको मूल्यवृद्धि हुन गयो । ती परिवर्तनहरु भएतापनि आजसम्म पनि सिन्धुली क्षेत्रमा माओवादीको उपस्थिति छ र राज्यको उपस्थिति भने अझै पनि कमजोर छ ।

९. ***पहिलेदेखिकै विद्यमान चुनौतीहरुमाझ र खासगरी नेपालको इतिहासकै सबैभन्दा अशान्त सयममा पीडीपीको तयारी गरियो ।*** सन् २००५ मा माओवादीहरुले तत्कालीन सरकारको नियन्त्रणलाई मुख्य शहरमामात्र सीमित पार्दै सबैजसो गाउँहरुमा हावी भए । राजनीतिक दलहरु र माओवादीबीच रोकिएको प्रजातान्त्रिक प्रक्रिया अगाडि बढाउने सम्झौता हुनुपूर्व बर्षैभरि भयानक युद्ध एवम् अशान्त जारी रह्यो । त्यस्तो अवस्थामा नेपाल विद्युत् प्राधिकरणलाई पीडीपी कार्यान्वयन गर्न र विश्व बैंकलाई सुपरिवेक्षण गर्न ठूलो चुनौती थियो एवम् परियोजना कार्यान्वयनको विभिन्न चरणमा परियोजना साइटमा भ्रमण गर्न पनि कमैमात्र सकिन्थ्यो । यो समस्या सिन्धुलीमा बढी नै थियो र जसका कारणले राजनीतिक रुपमा संवेदनशील क्षेत्रको खिम्ती-ढल्केबर ट्रान्समिसन लाइन (केडीटीएल) को पूरै काम ठप्प भएको तर परियोजनाको अन्य जिल्लाका कामहरुमा भने राम्रो प्रगति भएको पाइन्छ ।

## परियोजना परिवेश र अवस्था

१०. ***नेपालको विकासमा विविध कारणले उर्जा मुख्य अवरोध रहेको छ, साथै कमजोर संस्थागत क्षमता पनि अर्को अवरोध हो ।*** कूल ४२,००० मेगावाट देखि ८३,००० मेगावाटसम्म बिजुली उत्पादन गर्न सक्ने स्रोत भएता पनि नेपाल विश्वकै उर्जा उत्पादनमा सबैभन्दा पछाडि परेको देश हो । बिजुलीको पहुँच जम्मा ७५ प्रतिशत मात्रै भए पनि बिजुली सेवा आवश्यकताअनुसार उपलब्ध छैन । सन् २०१४ मा लोडसेडिङ् दैनिक १४ घण्टासम्म पुगेको थियो । उर्जाक्षेत्रको सबैभन्दा खराब अवस्था हुनुको मुख्य कारणमा नेपाल सरकार र नेपाल विद्युत् प्राधिकरणको कमजोर संस्थागत क्षमता हो ।

११. ***खासमा नेपाल विद्युत् प्राधिकरणजस्ता सार्वजनिक क्षेत्रका निकायको क्षमता हालैका बर्षहरुमा झन् कमजोर भएको छ र त्यसमाथि धेरै बर्षसम्म नेतृत्व तहको माथिल्लो पदहरु खालि रहनु र व्यवस्थापनको मध्य तहको कर्मचारीको बारम्बार भइरहने सरुवाले ती निकायको क्षमतामा झन् ह्रास आएको छ ।*** सन् २०१४ सम्म त एनइएमा स्थायी कार्यकारी निर्देशक नै थिएनन् । निरन्तरजसो जागिर छाड्दै जाने कर्मचारीको कारणले पनि संस्थाको क्षमता एवम् परियोजना कार्यान्वयनमा नकारात्मक असर पारेको छ ।

१२. ***ठूला लगानीहरुमा एकपछि अर्को जग्गा अधिग्रहण र राइट अफ वे (आरओडब्लू) का समस्याले अवरोध पुऱ्याएका छन् र ती समस्याहरुलाई लामो समयसम्म जारी राजनीतिक अस्थिरताले थप जटिल बनाइदिएको छ ।*** उदाहरणका लागि सन् २००३ देखि नेपालमा कुनै पनि नयाँ जलविद्युत् आयोजना र प्रसारण लाइन सम्पन्न भएका छैनन् । एशियाली विकास बैंकद्वारा सहयोग गरिएको एक प्रसारण लाइन परियोजनाको काम परियोजना क्षेत्रमा सबै मालसमान त्यत्तिकै छाडेर अन्ततः बन्द गरिएको थियो । बन्द गर्नाको पछाडि प्रसारण लाइनका टावरहरु निर्माणपछि अन्त्यमा तार टाँग्ने काममा आरओडब्लूमा आएका समस्याहरु सल्टाउन नसक्नु थियो ।

१३. ***परियोजना उद्देश्यहरु ।*** पीडीपी नेपालको जलविद्युत्को सम्भावनालाई बुद्धिमत्तापूर्वक एवम् दिगो ढंगबाट विकास गर्नेगरी क्षमता विकासको लक्ष्य राखेको छ । साथै यसले ग्रामीण क्षेत्रमा बिजुलीको पहुँच बढाउने र उर्जाक्षेत्रमा निजी क्षेत्रको सहभागितालाई प्रबर्द्धन गर्ने पनि यसको लक्ष्यमा उल्लेख गरिएको छ ।

१४. ***परियोजनाका भागहरु (कम्पोनेन्ट) ।*** पीडीपीमा सुरुमै स्वीकृत भएका तीनवटा कम्पोनेन्ट रहेका छन् । (क) पावर डेभलेपमेन्ट फण्डको स्थापना गरी विद्युत् विकास विभागबाट कार्यान्वयन गर्ने, (ख) बैकल्पिक उर्जा प्रबर्द्धन केन्द्रले कार्यान्वयन गर्ने लघु जलविद्युत् ग्रामीण विद्युतीकरण कार्यक्रम र (ग) एनइए कम्पोनेन्ट जसअन्तर्गत एनइएले कार्यान्वयन गर्ने केडीटीएल रहेको छ ।

१५. केडीटीएलको निरीक्षणका लागि निवेदन परेको छ तर यसले परियोजनाको एक सानो अंश मात्रै समेट्तछ । (कूल परियोजना लागतमा यसको हिस्सा ११ प्रतिशत मात्रै हो ।) यो प्रसारण लाइन चारवटा जिल्ला रामेछाप, सिन्धुली, धनुषा, र महोत्तरी भएर गएको छ । यो लाइन करिब ७५ किमी लामो छ र यसले ३० मीटर चौडाईको प्रसारण करिडोर वा आरओडब्ल्यू ओगटेको छ । यसमा १८८ वटा टावरहरु राख्ने तय भएको र एक टावरदेखि अर्को टावरसम्मको दुरी सरदर ३५० मीटर रहेको र टावरको उचाई ४२ देखि ४९ मीटरसम्म छ । यसको निर्माण २००७ मा सुरु भइ हालसम्म जारी रहेको र १८८ टावरमध्ये १७७ वटा टावर यसअघि नै ठड्याइसकिएको छ भने अरु तीनवटा टावरको जग हाल्ने कार्य पनि सम्पन्न भइसकेको छ । केडीटीएलको विवादरहित क्षेत्रको सबैजसो भागमा तार टाँग्ने कार्य यसअघि नै सकिएको हो ।

१६. ***परियोजनाको अवस्था ।*** सुरुमा पीडीपी सन् २००३ मई २२ मा कूल लागत मूल्य ८४.२ मिलियन अमेरिकी डलरमा स्वीकृत भई सुरु भएको र डिसेम्बर ३१, २०१३ मा बन्द भएको हो । यो अवधिभर, परियोजनाको साइटमा आएको असुरक्षाका कारण परियोजना पटकपटक अवरुद्ध भयो र यसको तीनपटक (२००८, २००९ र २०१२) म्याद थपी परियोजनाको कार्यक्षेत्र विस्तार र थप लगानी पनि उपलब्ध गराइएको हो । सन् २००८ फेब्रुअरीमा पहिलो पुनर्संरचनाले पीडीएफ कम्पोनेन्टलाई खारेज गरेको थियो जसको उद्देश्य निजी क्षेत्रलाई साना जलविद्युत्मा लगानी गर्न वित्तीय व्यवस्था गर्ने भन्ने थियो तर यो कार्यक्रम सफल हुन सकेन र यसको स्रोतहरुलाई अन्य कम्पोनेन्टमा पुनःविनियोजन गरिएको थियो ।

१७. सन् २००९ को मईमा विद्यमान आयोजनाको उत्पादन क्षमता पुनर्स्थापना गरी उर्जा संकट समाधान गर्न, नयाँ २२० केभीको प्रसारण लाइन निर्माण एवम् वितरण नेटवर्कको विस्तार गरी प्रसारण लाइनको सबलीकरण गर्न थप ९१.७ मिलियन अमेरिकी डलर वित्तीय व्यवस्था स्वीकृत भएको थियो । यो थप लगानीले सुरु परियोजनाको कम्पोनेन्ट 'सी' लाई विस्तार गरेको छ जसको उद्देश्य उत्पादन क्षमताको पुनर्स्थापनालाई समेट्ने भएतापनि यसमा सुरुको (मौलिक) प्रसारण लाइन सम्बन्धित छैन । विद्यमान विवादका कारण अवरुद्ध केडीटिएल आयोजनाको समस्या समाधान एवम् परियोजनाको कार्य सम्पन्न गर्नका लागि सन् २०१२ डिसेम्बरमा यस परियोजनाको पुनः पुनर्संरचना गरिएको थियो । त्यस बखतमा परियोजनाको बन्द हुने मिति २०१३ डिसेम्बर सम्मलाई थपिएको तथा थप गरिएको म्यादमा सम्पन्न गर्न नसकिएका कामका लागि छुट्याइएको आइडीएको रकम ४२.५ अमेरिकी डलर खारेज गरिएको थियो ।

१८. केडीटीएल करीब ७५ किलोमिटर लामो छ र यसमा १८८ वटा टावरहरु औसत ३५० मीटरको दुरीमा निर्माण गर्ने र सो टावरहरुको उचाई ४२ देखि ४९ मीटर सम्म रहेको छ । यसको निर्माण २००७ मा सुरु भइ हालसम्म जारी रहेको छ । १८८ टावरमध्ये १७८ वटा टावर यसअघि नै ठड्याइसकिएको छ र ६५ किमी दूरीमा तार टाँग्ने कार्य पनि सम्पन्न भइसकेको छ । सिन्धुली जिल्लामा

१० वटा टावर ठड्याउने कार्य बाँकी छ । उक्त १० टावरमध्ये तीनवटा टावरको जग्गा अधिग्रहण गर्ने र जग हाल्ने कार्य पनि सम्पन्न भइसकेको छ । बाँकी रहेका सातवटा टावरको निर्माण कार्य नै सुरु भएको छैन जसमध्ये ६ वटा टावरहरु सिन्धुली जिल्लाको विवादित ३.८५ किमी क्षेत्रमा पर्दछ भने एक टावर विवादरहित क्षेत्रमा पर्दछ ।

## क्षतिपूर्ति

### १९. *मुख्य विवाद राइट अफ वेका जग्गाधनीहरुलाई तिर्नुपर्ने क्षतिपूर्तिसँग सम्बन्धित छ र निजहरुको जग्गा अधिग्रहण अझै गरिएको छैन तर त्यसमाथिबाट जाने विजुलीको लाइनले आरओडब्लूमा प्रभाव पार्दछ ।*

२०. विद्युत् ऐन १९९२ र विद्युत् नियमावली १९९३ का अनुसार एनइएले स्थायी रुपमा टावर निर्माणका लागि मात्र लिइने जग्गाको मुआब्जा दिने व्यवस्था छ साथै माथिबाट बिजुलीको लाइन मात्र जाने जग्गा भने सरकारले आंशिक रुपमा मात्रै क्षतिपूर्ति दिई अस्थायी रुपमा मात्रै लिने व्यवस्था छ ।[1] कानून बमोजिम एनइएले स्थायी रुपमा अधिग्रहण गर्दा जग्गाको मूल्यको शतप्रतिशत रकम मुआब्जा दिन्छ तर एनइएले स्थायी रुपले अधिग्रहण नगरिएको तर बिजुलीको लाईनले प्रभावित हुने जग्गाको मूल्यको १० प्रतिशत मात्रै क्षतिपूर्ति दिने व्यवस्था छ । समान्यतयाः त्यस्तो जग्गामा कुनै बन्देज लगाइएको हुँदैन तथा त्यस जग्गामा आवतजावत गर्न वा वारपार गर्न पनि रोकावट हुँदैन ।[2]

२१. सिन्धुली जिल्लाका प्रभावित समुदायले अधिग्रहण नगरेको तर राइट अफ वेले प्रभावित पारेको जग्गाको पनि १० प्रतिशतको सट्टा शत प्रतिशत नै क्षतिपूर्ति मागेका छन् । समुदायको माग नेपालको कानुनी दायराभित्र नपर्ने भएकोले, एनइएले उनीहरुको माग पूरा गर्न सकेन । समुदायको मागलाई सम्बोधन गर्न र परियोजनालाई अगाडि बढाउनका लागि सरकारले राइट अफ वेमा सहायक सडक बनाइदिने प्रस्ताव राख्यो जसका कारणले राइट अफ वे अधिग्रहण पनि गर्न मिल्ने भई प्रभावित घरधुरीलाई १०० प्रतिशत क्षतिपूर्ति दिन मिल्ने तथा अविछिन्न बिजुलीको आपुर्ति गर्न पनि सकिने थियो । यो रचनात्मक समाधानले स्थानीयलाई राम्रो बाटोको पहुँच र कनेक्टिभिटिजस्ता फाइदा पनि हुने थियो ।

---

[1] यसअन्तर्गत त्यस जग्गामा भएको सम्पत्ति जसमा रुख र बालीहरु एवम् भत्काउनुपर्ने कुनै संरचना भएमा त्यसको पनि क्षतिपूर्ति दिइन्छ जग्गा अधिग्रहणमा जेसुकै भनिएता पनि ।

[2] सुरक्षाका कारणले राइट अफ वे (आरओडब्लू) भित्र ६.५ मीटरभन्दा अग्लो कुनै किसिमको भवन बनाउन र रुख रोप्न पाइदैन । जग्गाधनीसँग त्यस जग्गाको स्वमित्व रहेको हुन्छ र त्यस जग्गामा उनीहरुको पहुँच हुनुका साथै उनीहरुले खेतीपाती जारी राख्न सक्छन् (रोड प्रोजेक्टका लागि जग्गा अधिग्रहण गरी मुआब्जा दिँदा बाहेक)

२२. सरकारले प्रस्ताव गरेको क्षतिपूर्तिको प्याकेज (शत प्रतिशत जग्गाको मूल्यांकन अनुसार क्षतिपूर्ति र अविच्छिन्न बिजुली आपूर्ति) ले समुदायको मागहरु तथा परियोजनाको सामाजिक मूल्यांकनले संकलन गरेको समुदायको चाहनालाई पनि सम्बोधन गरेको छ । सन् २०१३ को जुलाईमा जग्गाको मूल्यांकन गरिएपश्चात् १५९ जग्गाधनीमध्ये ९६ जनाले जग्गाको नयाँ क्षतिपूर्ति स्वीकार गरी नगद क्षतिपूर्ति बुझिसकेका छन् तर अन्य बाँकी जग्गाधनीले क्षतिपूर्ति बुझ्न इन्कार गर्दै उनीहरुले विवादित प्रसारण लाइनको छोटो भाग अर्कै ठाउँबाट घुमाएर लैजान माग गर्दै आएका छन् । १५९ जग्गाधनीहरुमध्ये परियोजनाको क्षेत्रमा हालै स्थानान्तरण गरी आएका प्रभावित घरधुरी पनि पर्दछन् जो एब्रेभियटेड रिसेटलमेन्ट एक्सन प्लान (एआरएपी) मा उल्लेख भएका थिएनन् ।

# ३. प्यानलको फाइन्डिङ्स (जाँच परिणाम)

| मुद्दा/सवाल | प्यानलको जाँच परिणामहरु एवम् मुख्य राय |
|---|---|
| वातावरणीय मूल्यांकन -- मल्यांकन तथा विकल्पहरुको विश्लेषण | **विकल्पको विश्लेषण ।** मूल्यांकन गर्न नियुक्त टेक्निकल कमिटि (प्राविधिक समिति) को प्रतिवेदन हेर्दा विवादित ३.८५ किलोमिटरको भागमा पर्ने टावरहरु २८/२ र ३१/१ बीच निर्माण गर्नुपर्ने बैकल्पिक प्रसारण लाइनको मूल्यांकन गरेको तर प्रतिवेदन बनाउने क्रममा कमिटिले एउटा मात्रै विकल्पमा ध्यान दिएको र सबैभन्दा उत्तम अन्य उपायहरु पत्ता लगाउने प्रयास नगरेको स्पष्ट छ । कमिटिले दुई अलाइनमेन्टबीच तुलना गर्ने मापदण्डलाई नलिएको, आर्थिक र सामाजिक पक्षलाई ध्यान नदिएको तथा सरोकारवालासँग छलफल नै नगरेको कुरा पनि स्पष्ट छ । ओपी /बीपी ४.०१ का अनुसार त्यस्तो सीमित र निषेधात्मक मूल्यांकन गर्नुपर्ने थिएन । त्यसैले प्यानलले सिन्धलीको कमलामाई नगरपालिकाको ३.८५ किलोमिटर दुरीमा बैकल्पिक प्रसारण लाइन व्यवस्थापन तथा निर्माण गर्नेबारे गरेको अध्ययन ओपी/बीपी ४.०१ को आवश्यकतासँग मेल खाँदैन ।<br><br>**क्षमता ।** व्यवस्थापनले खासगरी परियोजना कार्यान्वयन गर्ने निकाय नेपाल विद्युत् प्राधिकरणको संस्थागत विश्लेषण र क्षमता विकास गर्ने सम्बन्धका मुख्य प्राबधानहरु ओएमएस २.२०, ओडी ४.०१, र ओपी/बीपी ४.०१ को पालना नगरेको ठहर प्यानलले गरेको छ । |
| वातावरणीय मूल्यांकन - स्वास्थ्यमा प्रभाव | प्यानलले प्रसारणलाइनको न्यून फ्रिक्वेन्सी वा वैज्ञानिकहरुको समुदाय इन्टरनेशनल कमिशन अन नन-आयोनाइजिङ रेडिएसन प्रोटेक्सन (आइसिएनआईआरपी) ले तोकेको तहभन्दा तलको इलेक्ट्रोम्याग्नेटिक फिल्डले जनस्वास्थ्यमा कुनै पनि असर नपर्ने कुरा उल्लेख गरेको छ । त्यसले मानव स्वास्थ्यमा असर पर्छ भन्ने कुरा वैज्ञानिक तथ्यको आधारमा नभई केबल कल्पना गरिएका कुरा मात्र हुन् । व्यवस्थापनले इलेक्ट्रोम्याग्नेटिक फिल्डको स्वास्थ्यमा पर्ने असरवारेमा विश्व बैंक समूहको इन्भारामेन्टल हेल्थ एण्ड सेफ्टी गाइडलाइन्सको पालना गरेको कुरा प्यानलले बताएको छ । त्यसैले व्यवस्थापनले बैंकको पोलिसी ओपी/बीपि ४.०१ पालना गरेको कुरा प्यानलले ठहर गरेको छ । पोलिसीले वातावरणीय मूल्यांकन गर्दा मानव स्वास्थ्य र सुरक्षालाई ध्यान दिनुपर्ने कुराको व्यवस्था गरेको छ । |

| | |
|---|---|
| इन्भोलुन्टरी रिसेटल्मेन्ट (अस्वेच्छिक पुनर्वास) | **इन्स्ट्रमेन्टको छनौट ।** परियोजनाको तयारी र मूल्यांकनको चरणमा प्रसारण लाइन निर्माण गरिने स्थानहरु तय नभएको परिवेशमा हाल आएर केही भए पनि सूचना उपलब्ध हुनु भनेको व्यवस्थापनले सही ढंगले नीतिगत निर्णय लिएको देखिन्छ । प्यानलले विस्थापित घरधुरीको संख्या जुन सन् २००६ र २०१४ को एआरएपीको अनुसार २०० भन्दा कम रहेको बताएको र प्रसारण लाइनको रेखीय प्रकृतिका कारणले न्यून प्रभाव हुने कुरा उल्लेख गरेको छ । अस्वेच्छिक पुनर्वासमा ओपी/बीपी ४.१२ एआरएपीको पालना गर्दै व्यवस्थापनले निर्णय गरी अगाडि बढेको पाइएको प्यानलले बताएको छ ।<br><br>**पुनर्वाससम्बन्धी कागजातहरुको पर्याप्तता ।** ओपी ४.१२ का अनुसार जनगणनाको सर्वेक्षण र अद्यावधिक गरिएको समाजिक आर्थिक सूचना सँगसँगै विस्थापित मानिसहरुको जनजीविका र जीवस्तरका वारेमा निरन्तर रुपमा सूचना संकलन गर्न आवश्यक छ भनी प्यानलले भनेको छ र त्यस्ता सूचनाहरुबाट विस्थापितहरुको विस्थापित हुने बेलाका पछिल्ला सूचनाहरु पाइन्छन् । प्यालनले २००६ को एआरएपी २००६ पछि आवश्यक महत्वपूर्ण समयमा अद्यावधिक नगरिएको भनेको छ जुन २००६ मा विद्रोहको समाप्ति पछि, प्रसारण लाइन निर्माण गर्नुअघि एआरएपी अद्यावधिक गरिएको छैन र व्यवस्थापनले अस्वेच्छिक पुनर्वासको ओपी/बीपी ४.१२ को पालना भएको छैन ।<br><br>**जग्गा अधिग्रहण र क्षतिपूर्ति ।** प्यानलले क्षतिपूर्ति भुक्तान गरिएको समय र क्षतिपूर्तिको किस्ता भुक्तानको अन्योलबीचमा लामो ढिलाई भएको जनाएको छ । प्यानलले यो कार्य पनि ओपी/बीपी ४.१२ -इन्भोलुन्टरी रिसेटलमेन्ट अनुसार नभएको ठहर गर्दै त्यसमा क्षतिपूर्ति दिन योग्य व्यक्तिलाई तुरुन्तै र प्रभावकारी क्षतिपूर्ति भुक्तान गरिनुपर्थ्यो भनेको छ ।<br><br>**पुनर्वास तथा पुनर्स्थापना (आर एण्ड आर) सहयोग ।** २००६ को एआरएपीमा उक्त सहयोगमा के दिइने त्यसको विस्तृत र कसरी दिइने हो भन्ने कुरा उल्लेख गरिएको छैन । २००६ को एआरएपीले पुनर्वास कार्ययोजना (आरएपी) को खाकामा बताइएको पुनर्वास तथा नीति कार्यढाँचाको अपेक्षा पूरा नगरेको प्यानलले |

| | |
|---|---|
| | जनाएको छ । <br><br> परियोजनाको दस्तावेजमा नै खिम्ती-ढल्केबर इन्भारामेन्टल व्यवस्थापन युनिट (केडीटीएल-इएमयु) ले स्थानान्तरण प्रक्रियामा सहयोग पुऱ्याउने जिम्मेवारी तोकिएको थियो जुन प्रक्रिया एआरएपीको कम्युनिटी सपोर्ट कार्यक्रममा तयार गरिएको थियो र युनिटको जिम्मेवारीमा क्षतिपुर्ति र पुनर्स्थापनाको अनुदान समयमै र प्रभावकारी ढंगले दिएकोवारे अनुगमन गर्ने पनि थियो । तर २०११ मा ठेक्काको म्याद गुज्रेपछि केडीटीएल-इएमयूको काम बन्द भयो र यसको जिम्मेवारीहरु एनइए काठमाडौको परियोजना अफिसमा सारियो । प्यानलले आरओडब्लूमा विस्थापित घरधुरीलाई पुऱ्याउनुपर्ने आर एण्ड आर सहयोगमा धेरै नै ढिलाई र असंगति भएको पाइयो जसले गर्दा ओपी/बीपी ४.१२-इन्भोलुन्टरी रिसेटलमेन्टको पालना भएन । <br><br> **गुनासो तथा पीरमर्का सुल्भाउने** । केडीटीएल-इएमयु को स्थापना केडीटीएलको निर्माण सुरु हुनुपूर्व नै भएको र यसका अन्य जिम्मेवारीहरुसँगै यसले परियोजनाको गुनासो तथा पीरमर्का सुल्भाउने एकाइको रुपमा काम गर्नुपर्ने कुरा व्यवस्थापनको रेस्पोन्सले बताएको छ । २०११ मा केडीटीएल-इएमयू को ठेक्काको म्याद गुज्रेपछि गुनासो पीरमर्का सुन्ने जिम्मेवारी एनइए काठमाडौंको परियोजना अफिसलाई तोकियो र त्यसपछि साइटमा गुनासो पीरमर्का सुन्ने व्यवस्था भने नराखिएको प्यानलले बताएको छ । केडीटीएलमा उपयुक्त र पहुँचमा गुनासो पीरमर्का सुनाउने संयन्त्र भएन त्यसैले ओपी/बीपी ४.१२ -इन्भोलुन्टरी रिसेटलमेन्टको पालना नभएको प्यानलको ठहर छ । |
| जनजाति मानिसहरु | विवादित आरओडब्लूमा जनजातिहरुको पहिचान । प्रसारण लाइनको प्रभावमा परेका लोपोन्मुख, उच्च सीमान्तीकृत जनजाति समुदायहरुको वारेमा विश्लेषण गरेको भए २००६ र २०१४ को जोखिममा रहेको समुदाय विकास योजना (भल्नरेबल कम्युनिटी डेभलेपमेन्ट प्लान -भिसीडीपी) का दस्तावेजहरु राम्रा बन्न सक्थे भनी प्यानलले बताएको छ । तिनै समुदायका सदस्यहरु परियोजना अतिप्रभावित परिवारहरु (सिभियर्ली प्रोजेक्ट अफेक्टेड फेमिलीज -एसपीएएफ) मध्येका हुन सक्छन् जो प्रासरण लाइनका कारणले स्थानान्तरण भएका छन् । प्यानलले यस सम्बन्धमा व्यवस्थापनले निर्णय गर्दा मिश्रित समुदायको सोच राखी व्याख्या गरिदिएको भए यसमा मद्दत मिल्ने थियो भनेको छ । विवादित आरओडब्लूमा जनजाति, दलित र अन्य जोखिममा पर्न सक्ने समुदायहरु भएकोमा व्यवस्थापनले आफ्नो निर्णयमा "मिश्रित समुदाय" को अवधारणा लागू गर्न सक्ने थियो जुन अवधारणा |

| | |
|---|---|
| | ओपी/बीपी ४.१० जनजाति समुदाय अनुकूल हुने प्यानलले बताएको छ। |
| सांस्कृतिक सम्पदाको संरक्षण | अनुसन्धान भ्रमणले जोखिम कम गर्ने योजना अझ बलियो र सम्भावित प्रभावबारेको सूचना झन् राम्रोसँग सञ्चार हुनसक्थ्यो भनी औंल्याएता पनि प्यानलले ओपी/बीपी ४.११ लागू नगरेकोमा सहमति जनाउँदै प्रसारण लाइनले कुनै पनि भौतिक सांस्कृतिक संरचनालाई सीधै प्रभाव पार्दैन र व्यवस्थापनले परियोजना दस्तावेजहरुमा यसबारे पर्याप्त विश्लेषण गरेको कुरा उल्लेख गरेको छ। |
| सार्वजनिकीकरण र छलफल | बैंक व्यवस्थापनले पीडीपीका लागि सेफगार्ड डकुमेन्ट सार्वजनिक नगर्नु कमजोरी भएको स्वीकारेको छ। व्यवस्थापनले सेफगार्डसम्बन्धी प्रावधानहरु परियोजनाको दस्ताबेज बनाउने क्रममा पूर्ण रुपमा सार्वजनिक नगरिएको तथ्यलाई मनन गर्दै हाल त्यसलाई सच्याउने कार्य भैराखेको कुरा प्यानलले जनाएको छ। प्यानलले वातावरणीय मूल्यांकन, इच्छाविपरीत पुनर्वास र जनजाति मानिसहरुसँग बैंकको नीतिअनसार गर्नुपर्ने छलफलहरुमा भिन्नता हुन सक्छ भन्दै तर परियोजनाको तयारी र कार्यान्वयनका दौरानमा परियोजनाका प्रभावित समुदायसँग गरिने छलफल चाडै, अर्थपूर्ण तथा निरन्तर हुनु आवश्यक छ। यस्तो आवश्यकताहरु परियोजना डिजाइन गर्न, नकारात्मक प्रभावमा कमी ल्याउन तथा परियोजनाबाट हुने फाइदालाई बृद्धि गर्नु रहेको छ।<br><br>केडीटीएलको परियोजना तयारी र कार्यान्वयन चरणमा निरन्तर सूचना प्रवाह र छलफल नभएकोले यसअघि भनिएजस्तै समुदायहरुबीच प्रसारण लाइन र यसले स्वास्थ्यमा पार्न सक्ने प्रभावको वारेमा गलत बुझाई हुन गई प्रसारण लाइन जडान गर्ने आरओडब्लूमा अवरोध हुन गएको कुरा प्यानलले बताएको छ। माथि बताइएबमोजिम र केडीटीएलको तयारी र कार्यान्वयन चरणमा सिन्धुली जिल्लाको असुरक्षा र व्यवस्थापनलाई भ्रमण गर्न रोक लगाइएबाट व्यवस्थापनले परियोजना तयारी र कार्यान्वयन चरणमा पर्याप्त, समयमै र अर्थपूर्ण छलफल नचलाइएको कुरा प्यानलको ठहर छ। जसले गर्दा ओपी/बीपी ४.०१ इन्भारामेन्ट एसेसमेन्ट, ओपी /बीपी ४.१० जनजाति समुदाय र ओपी/बीपी ४.१२ इन्भोलुन्टरी रिसेटलमेन्टको पालना नभएको निष्कर्ष छ। |

## ४. प्यानलको फाइन्डिङ्स (जाँच परिणाम)मा व्यवस्थापनको प्रतिक्रिया

२३. व्यवस्थापनले प्यानलले गरेको पूरै परियोजनाको पुनरावलोकनको प्रशंसा गरेको छ । व्यवस्थापनले नेपालका लागि पीडीपीको महत्व दर्शाएको तथा यस प्रकारको परियोजनामा बैंकको सहभागिताको महत्व, तथा निवेदकहरुको जायज चासोलाई सम्बोधन गर्न चालेको कदमहरुलाई मान्यता प्रदान गरेकोमा पनि प्यानलको प्रशंसा गरेको छ । व्यवस्थापनको जवाफ (प्रतिक्रिया) तल दिइएको छ र यसको विस्तृत विवरण अनुसूची १ उल्लेखित छ ।

*२४. **व्यवस्थापनले परियोजना संचालनका पूरै समयमा भएको राजनीतिक विकास र अस्थिरताले परियोजना कार्यान्वयन र सुपरीवेक्षणमा नराम्ररी असर पार्‍यो जसका कारण परियोजनाबाट प्रभावित मानिसहरुसँग गरिने छलफल तथा परियोजना सम्बन्धी चिन्ताहरु पनि निराकरण गर्न पनि सकिएन ।*** उक्त अस्थिरताको कारणले परियोजना कार्यान्वयनमा धेरै नै ढिलाई हुन गयो र परियोजना कार्यान्वयनमा सन् २००३ मईदेखि २०१३ डिसेम्बर ३१ सम्म गरी करिब १० बर्ष लाग्यो । यो परियोजना २००९ मै सम्पन्न हुने अपेक्षा थियो ।

२५. ***व्यवस्थापनले परियोजना कार्यान्वयनमा भएको धेरै ढिलाई र त्यसका कारणले प्रभावित घरधुरीले पुनर्वासका लागि भोग्नुपरेको अनिश्चितता स्वीकार गरेको छ । व्यवस्थापनले कार्यान्वयनका क्रममा भएका कमजोरीलाई स्वीकार्दै अब त्यसलाई सम्बोधन गर्न प्रतिबद्ध छ भनेको छ । परियोजना कार्यान्वयन लम्बिनुमा आंशिक रुपमा एक मुख्य समूह जसले परियोजनाविरुद्ध लविङ् गरेको कारणलाई व्यवस्थापनले जोड दिएको छ ।*** जसका कारण सिन्धुली जिल्लामा परियोजनाबाट प्रभावित समूहहरु नै बन्न गए समूहहरुले प्रशासन, परियोजना तथा बैंकसँग क्षतिपूर्तिको प्याकेजमा छलफलमा बस्न पनि अस्वीकार गर्नुका साथै कुनै पनि समूहहरुलाई क्षतिपूर्तिको प्याकेजमा सहमति गर्नबाट रोके । बैकले सरकारलाई क्षतिपूर्तिको प्याकेजमा सम्झौता गरी विवाद समाधान गर्न प्रोत्साहित गर्दैआएको छ र त्यस्तो प्याकेजमा विद्यमान कानुनमा भन्दा बढी नै दिने प्रस्ताव गरिएको छ । तथापि, प्रस्ताव पनि सीमित रुपमा मात्रै सफल रह्यो र त्यसो हुनुमा केही घरधुरीले प्रस्ताव बारेको छलफलमा भाग लिनै मानेनन् र प्रस्तावको प्याकेज प्याकेज पनि अस्वीकार गरे ।

२६. माथि उल्लेखित परियोजना प्रभावित मानिसहरुको समुदाय भएको २७ वटा समूहले प्रस्तावित क्षतिपूर्ति लिने वा नलिने निर्णय गर्नुपूर्व प्यानलको प्रतिवेदन हेर्न र पढ्न चाहन्छन् र उनीहरु यसको सार्वजनिकीकरणका लागि पर्खिराखेको कुरा व्यवस्थापनलाई जानकारी छ ।

२७. व्यवस्थापनको विचारमा सिन्धुलीमा विशेष सामाजिक र राजनीतिक अवस्थाको कारणले परियोजनाले समुदायसँग छलफल गर्ने र क्षतिपूर्तिको प्याकेजमा समाधान निकाल्न बाधा पुगेको हो । पीडीपीले कूल २२५ किमी भन्दा बढी प्रसारण लाइन निर्माण गर्न मद्दत गरेको छ जसमा केडीटीएलमा

जस्तैः समुदायमा प्रभाव पारेको तथा प्रभाव न्यूनीकरणको कार्य गरिएको थियो तर व्यवस्थापनले सिन्धुली जिल्लाको ३.८५ किमीमा जस्तो माग अरु कुनै पनि प्रसारण लाइनमा नपाएको जनाएको छ ।

२८. २०१३ फेब्रुअरी १८ मा सिन्धुली जिल्लाका प्रभावित परिवारको गुनासो पाएपछि व्यवस्थापनले पीएपीहरुलाई पहिलो चरणको छलफलका लागि काठमाडौं बोलायो र उक्त छलफल एनइएसँगै तय गरियो । र त्यसपछि लगत्तै बैंकले एनइएसँग सिन्धुलीको विवादास्पद भागको निर्माण कार्य रोक्ने निर्णय पनि गर्‍यो । त्यसपछि एनइएको साथमा व्यवस्थापनले प्रभावित परिवारसँग चार चरणमा छलफलमा बस्यो । छलफलबाट आएका निष्कर्षका आधारमा, एनइएले सन् २०१३ जुनमा एक कार्ययोजना (अनुसूची २ हेर्नुहोस्) तयार पारेर बैंकसँग समुदायको मागलाई सम्बोधन गर्ने, परियोजनाअन्तर्गत सेफगार्ड व्यवस्थापनको कमी कमजोरीलाई पनि हटाउने गरी सम्झौता गरेको थियो । त्यसयता व्यवस्थापनले एनइएले कार्यान्वयन गरेको कार्ययोजनाको अनुगमन गर्दै आएको छ र अनुगमनमा समय समयमा मिशन पठाएर तथा एनइए र सरकारसँग छलफल पनि गरेको छ । हालसम्म उक्त कार्ययोजनाका धेरैजसो कार्यहरु सकिइसकेका छन् । (विस्तृत जानकारीका लागि अनुसूची २ हेर्नुहोस्) । तर केही पीएपीहरुले प्रस्तावित कार्यहरुमा सहभागी हुन अस्वीका गरेकोले उक्त कार्ययोजनाले आधारभूत विरोधको समाधान गर्न भने सकेन ।

२९. परियोजना बन्द भएपनि, व्यवस्थापनले तल उल्लेखित कार्यहरु कार्यान्वयन गराउन नेपाल सरकार र एनइएसँग काम जारी राख्नेछ । ती कार्यहरुमा प्रस्तावित र तयार भइराखेको *पावर सेक्टर रिफर्म एण्ड सस्टेनेबल हाइड्रोपावर डेभलपमेन्ट प्रोजेक्ट (पीएसआरएसएचडीपी)* का कामहरु पर्दछन् ।

३०. ***व्यवस्थापनले आजको मितिसम्म सिन्धुलीका कनै पनि निवेदकहरुको संरचना नभत्काइएको र उनीहरुलाई त्यहाँबाट नहटाइएको उल्लेख गरेको छ ।*** तर सँगसँगै परियोजना पनि पूरा भएको छैन । निवेदकहरुको विरोधले गर्दा ३.८५ किमी भागमा थुप्रै टावरहरु निर्माण गरिएको छैन तथा ती टावरमा तार टाँग्ने काम पनि भएको छैन ।

३१. **व्यवस्थापनले ती बिशेष जाँच परिणामका बारेमा तल विस्तारमा प्रतिक्रिया दिएको छ ।**

## बिकल्पहरुको बिश्लेषण

*३२.* ***प्यानलको जाँच परिणाम ।*** टेक्निकल कमिटि (प्राविधिक समिति) ले बैकल्पिक रुटको खोजी र विश्लेषण गर्ने क्रममा विवादित ३.८५ किलोमिटरको भागमा पर्ने टावरहरु २८/२ र ३१/१ बीच निर्माण गर्नुपर्ने बैकल्पिक प्रसारण लाइनमा एकमात्र विकल्प सुझाएको र अन्य सम्भावित उपायहरुको खोजी गरेको छैन । कमिटिले दुई अलाइनमेन्टबीच तुलना गर्ने मापदण्डलाई नलिएको, आर्थिक र सामाजिक पक्षलाई ध्यान नदिएको तथा सरोकारवालाको अभिमत नलिएको स्पष्ट छ ।

३३. ***प्रतिक्रिया /*** सरकारद्वारा सञ्चालन गरिएको विवादित ३.८५ किमीमा बैकल्पिक रुटको बिश्लेषण गर्ने क्रममा कमजोरी भएको भन्ने प्यानलको ठहरमा व्यवस्थापन सहमत छ । तथापि, विवादित भागचाँही लामो लाइनको छोटो अंश भएको र उक्त लाइन लगभग निर्माण गरिसकिएको कुरामा व्यवस्थापनले जोड दिएको छ । यस तथ्यले गर्दा लाइनलाई अर्कै बाटो घुमाएर लैजाने यथार्थपरक बिकल्पको खोजीको सम्भावना सिमित भएको हो ।

३४. केडीटीएल सुरुकै अलाइनमेन्ट अनुसार निर्माण गरिएको र त्यस अलाइनमेन्टमा छोटो भाग जसमा निरीक्षणका लागि निवेदन परेकोबाहेक अन्यत्र कही कतै विरोध पनि आएन । पूरै ७५ किमी को अलाइनमेन्ट मूल्यांकन गर्ने बेलामा परियोजनाले तीनवटा विकल्पहरुको विश्लेषण गरेको थियो र त्यस विश्लेषणमा सरोकारवालाको भनाइ अनि सामाजिक र आर्थिक पक्ष एवम् प्राविधिक पक्षलाई पनि समेटिएको थियो ।

तीन विकल्पहरुको मूल्यांकन गर्दा इआइएका मूल्यांकनका मापदण्डहरु जस्तैः जग्गा जमिनको प्रयोग, सुरक्षाका दृष्टिले स्थानान्तरण गनुपर्ने घरधुरी संख्या, जंगलको नोक्शानी, निर्माणमा हुने कठिनाई जसमा भीर सम्याउने कार्य, बाटोको पहुँच आदिमा ध्यान दिइएको हुन्छ ।[3] इआइएले अहिलेको अलाइनमेन्ट लाई नै सबैभन्दा उत्तम विकल्प ठहरेको र त्यसो गर्दा प्राविधिक एवम् आर्थिक रुपमा पनि सम्भव तथा वातावरणीय र समाजिक प्रभावलाई पनि ध्यान दिइएको थियो ।

३५. प्यानलको प्रतिवेदनमा उल्लेखित ३.८५ किमी भागमा विकल्पहरुको बिश्लेषण समुदायको गुनासोलाई समाधान गर्न सरकार/एनइएले गराएको हो । यो विश्लेषण परियोजना कार्यान्वयनको अन्तिम चरणमा मात्रै संचालन गरिएको हो र त्यतिबेला केडीटीएलको करीब ९५ प्रतिशत भन्दा बढी काम सकिइसकेको थियो । केडीटीएलको समग्र निर्माणको प्रगति भइसकेको अवस्थामा छोटो दुरी अलाइनमेन्ट परिवर्तन गर्न निकै कममात्र सम्भावित बिकल्पहरु थिए र तिनै विकल्पहरुमा सिमित रही यो अध्ययन गरिएको हो ।

## क्षमता

३६. ***प्यानलको जाँच परिणाम /*** केडीटीएलको इआइएमा संस्थागत बिश्लेषण एवम् एनइएको क्षमता पहिचान समेटिएको छैन ।

[3] खासगरी यस्तो परियोजनामा बैकल्पिक रुटहरु कमैमात्र हुन्छन् । पहिलो कुरा त दुवैतिरका अन्तिम विन्दुहरु (विद्यमान सबस्टेशन) निश्चित हुन्छन् र यसैगरी दुई निश्चित बिन्दु बीचका भूभागका बनोटहरु मुख्य मुद्दाहरु हुन्छन् । प्रसारण लाइनको बाटो निर्माण गर्न र मर्मत गर्न सजिलो हुने एवम् सबैजसो भूभाग एकैखालको अधिकांश घरधुरी र कृषीकार्य भएको अर्थात् समतल जमिन वा पर्वतश्रेणी हुनुपर्छ ।

३७. ***प्रतिक्रिया ।*** व्यवस्थापनले इआइएमा संस्थागत विश्लेषण नगरिएको स्वीकार गर्दै परियोजना डिजाइन र मूल्यांकन गर्ने क्रममा पनि वातावरणीय र सामाजिक मुद्दाहरु व्यवस्थापनका लागि एनइएको क्षमता अभिवृद्धि गर्ने जस्ता विशेष सहयोगका कुरा पनि समावेश नभएको स्वीकार गरेको छ। तथापि व्यवस्थापनलाई भने एनइएको खासगरी सामाजिक र वातावरणीय मुद्दाहरु समाधान गर्न सक्ने कुरामा सीमा रहेको जानकारी भएको र हाल एनइएको समाजिक र वातावरणीय मुद्दाहरु समाधान गर्ने कार्यका लागि क्षमतावृद्धिको कार्य त्यसबखत जारी थियो । परियोजनाको कार्यान्वयनका दौरानमा एनइएको इएसएसडीका कर्मचारीलाई प्राविधिक तालिम प्रदान गर्न थालियो जुन कुरा परियोजना डिजाइनका बेला त्यसो गर्नुपर्ला भन्ने थिएन । यो सहयोगमा इएसएसडीको कार्यादेश, कामहरु र कर्मचारीको वारेमा पुनरावलोकन समेटेको छ । यो क्षमता विकासको सहयोगको कार्यक्रम प्रस्तावित पीएसआरएसएचडीपी (पी १५००६६) अन्तर्गत सञ्चालित हुनेछ ।

## स्वास्थ्यमा पर्ने प्रभाव

३८. ***प्यानलको जाँच परिणाम*** । व्यवस्थापनले ओपी/बीपी ४.०१ को पालना गरेको कुरा प्यानलको निष्कर्षमा उल्लेख छ जुनले वातावरणीय मूल्यांकनमा मानव स्वास्थ्य र सुरक्षालाई पनि ध्यान दिएको हुन्छ ।

३९. **प्रतिक्रिया** : व्यवस्थापनले प्यानलको निष्कर्षलाई स्वीकारेको छ ।

## पुनर्वासको छनोट

४०. ***प्यानलको जाँचपरिणाम ।*** प्यानलले विस्थापित घरधुरीको संख्या जुन सन् २००६ र २०१४ को एआरएपीको अनुसार २०० भन्दा कम रहेको बताउँदै प्रसारण लाइनको प्रभाव न्यून हुने भनेको छ । व्यवस्थापनको एआरएपी पालना गरी अगाडि बढ्ने निर्णय इन्भोलुन्टरी रिसेटलमेन्टमा ओपी/बीपी ४.१२ को पालना भएको भनी प्यानलले उल्लेख गरेको छ।

४१. ***प्रतिक्रिया ।*** व्यवस्थापनले प्यानलको निष्कर्षलाई स्वीकारेको छ ।

## पुनर्वासिसम्बन्धी दस्तावेजहरुको पर्याप्तता

४२. ***प्यानलको जाँचपरिणाम*** । २००६ को एआरएपी आवश्यकता अनुसार विद्रोहपश्चात् र प्रसारण लाइनको निर्माण कार्य सुरु गर्नुपूर्व अद्यावधिक नगरिएको कुरा प्यानलको निष्कषमा रहेको र मेनेजमेन्टले ओपी/बीपी ४.१२ -इन्भोलुन्टरी रिसेटलमेन्टको पालना नगरेको देखिन्छ।

४३. ***प्रतिक्रिया*** । व्यवस्थापनले एआरएपी नियमित तवरले औपचारिक रुपमा अद्यावधिक नगरेको तथ्यलाई स्वीकारेको छ तर उसले एनइए र जिल्ला प्रशासनसँग मिलेर विस्तृत इन्भेन्टरी सर्वेक्षण तयार

गरेको र एआरएपीको मुख्य सूचनाहरुलाई समयसमयमा अद्यावधिक गरेको कुरा पनि उल्लेख गर्न चाहेको छ । यसमा टावर निर्माण गर्न आवश्यक पर्ने जमिन, आरओडब्लूले प्रभावित पार्ने जमिन, त्यसका जगाधनीहरु, अचल सम्पत्ति, प्रभावित व्यक्तिका बाली/रुखहरु र यससँग सम्बन्धित मूल्यहरुको सूची यसमा समाविष्ट थियो । यस्तो सूचना अद्यावधिक गर्दा प्रत्येक गाउँ-गाउँमा गरिएको र त्यस गाउँमा कुनै पनि भौतिक निर्माणको कार्य सुरु गर्नुपूर्व त्यस्तो अद्यावधिक कार्य गरिएको थियो । तर सूचना अद्यावधिक गर्ने कार्य पूरै अलाइनमेन्टमा एकै पटक गरिएको भने होइन । २००८ देखि २०१३ सम्म भएका भौतिक प्रगति सँगसँगै त्यस्तो अद्यावधिक गर्ने कार्य गरिएको थियो । परियोजनाबाट प्रभावित प्रत्येक घरधुरी विस्तृत इन्भेन्टरी सर्वेक्षणमा सहभागी भएका थिए र उनीहरुले सरकारबाट पाउने क्षतिपूर्तिको वारेमा जानकारी पनि गराइन्थ्यो । पुनर्वासका लागि बजेट छुट्टयाउने र क्षतिपूर्ति वितरण गर्ने कार्य पनि अद्यावधिक गरिएको सूचनामा अधारित भई एवम् प्रभावित घरधुरीको मञ्जुरीमा गरिएको थियो । त्यस्तो अद्यावधिक गर्ने कार्य एनइएले अभिलेखीकरण गरेको तथा जिल्ला प्रसाशन र समुदायलाई सूचना दिइएको थियो ।

४४. व्यवस्थापनले त्यसरी प्राप्त भएको अद्यावधिक सूचनाको आधारमा एआरएपीको नियमित अद्यावधिक नगरिएको कुरा स्वीकार्दै समय समयमा अद्यावधिक गरेको भए राम्रो हुने थियो भनेको छ । व्यवस्थापनको विचारमा, यो औपचारिक र पूरै सूचना अद्यावधिक गर्ने कार्य नगरेतापनि आवश्यक सूचनाहरु नियमित रुपमा संकलन र प्रयोग गरिएको हुँदा पुनर्वासको कार्यान्वयनमा कुनै प्रभाव पारेको थिएन । एआरएपी र क्षतिपूर्ति वितरण कार्यमा ढिलाइ हुनुको मुख्य कारणमा भौतिक निर्माण कार्य ढिला हुनु हो भन्ने बारे तल बताइएको छ । प्रभावित घरधुरीको संख्या २०० नाघेपछि एआरएपीलाई सन् २०१४ मार्चमा आरएपी बनाइएको छ ।

## जग्गा अधिग्रहण तथा क्षतिपूर्ति

४५. ***प्यानलको जाँच परिणाम ।*** क्षतिपूर्ति वितरण र त्यसको किस्ता भुक्तानीको निकाशा कहिले हुन्छ भन्ने बारेमा अन्योल र ढिलाइ भयो । यसो भएकोमा प्यानलले ओपी/बीपी ४.१२-इन्भोलुन्टरी रिसेटलमेन्टको पालना नभएको जनाएको छ जसमा क्षतिपूर्ति पाउन योग्य व्यक्तिलाई तत्कालै र प्रभावकारी क्षतिपूर्ति भुक्तान गर्ने व्यवस्था हुनुपर्ने थियो भनी प्यानलले औंल्याएको छ ।

४६. ***प्रतिक्रिया ।*** व्यवस्थापनले एआरएपीमा दिइएको समयतालिका भन्दा क्षतिपूर्तिमा धेरै ढिलाइ भएको कुरा स्वीकारेको छ । यसो हुनुको पछाडि मुख्यतया परियोजनाको सिभिल वर्क्स (निर्माण कार्य) को प्रगतिमा धेरै ढिलाई हुनु हो र अनि त्यसको कारणले जग्गा जमिन र अरु सम्पत्तिको क्षतिपूर्ति तिर्ने समय थपिँदै गएको थियो । क्षतिपूर्ति वितरणको समयतालिकामा अरु केही ढिलाइहरु पनि भएका थिए तर ती ढिलाइ केही संख्यामा र अपवाद मात्र थिए । (अनुसूची १ हेर्नुहोस्)

४७. किस्ता भुक्तानीको सम्बन्धमा व्यवस्थापनले निम्न कुराहरुमा जोड दिएको छ । (क) टावर बनाउने ठाउँका लागि लिइने जग्गाको मुआब्जा प्रभावित घरधुरीसँग सहमति गरिएको थियो र जग्गा लिएर निर्माण सुरु गर्नुअघि नै एकै किस्तामा मुआब्जाको भुक्तानी दिइएको थियो । (ख) प्रसारण लाइनको ३० मिटर चौडा आरओडब्लूमा पर्ने प्रभावित सम्पत्तिको क्षतिपूर्ति सम्बन्धमा एआरएपीले त्यस्तो क्षतिपूर्ति रकमको घर भत्काउनु अघि नै ५० प्रतिशत भुक्तान गरेको र घर भत्काउने बेलामा बाँकी ५० प्रतिशत रकम दिइएको थियो र त्यसरी वितरित क्षतिपूर्ति परियोजनाबाट प्रभावित मानिसहरुले गरेको लिखित सहमति बमोजिम नै थियो । उक्त सहमतिको दस्तावेजमा पछिल्लो ५० प्रतिशत किस्ता भुत्तानीका सर्तहरु पनि स्पष्टसाथ लेखिएको थियो । केही घरधुरीले सहमति बमोजिम घर नभत्काइदिएको कारणले उनीहरुलाई दिने क्षतिपूर्ति भुक्तानीमा मात्र ढिलाइ भएको हो । परियोजनाबाट प्रभावित मानिसहरु आफ्नै नयाँ घरमा सरिसकेपछि मात्रै एनइएले जग्गा जमिन अधिग्रहण गर्ने गर्दथ्यो तथा त्यसरी विस्थापित सबैले विस्थापित हुनुपूर्व नै क्षतिपूर्तिको पूरा रकम बुझिसकेका हुन्थे ।

४८. व्यवस्थापनले एनइएको क्षतिपूर्तिलाई दुई किस्ता गरी दिने अभ्यासले केही परियोजना प्रभावित मानिसहरुबीच भ्रम परेको हुन सक्ने कुरा स्वीकारेको छ । केहीले क्षतिपूर्तिको दोस्रो किस्ता बुझ्नमा ढिला हुन गएको खण्डमा आफ्नो घर भत्काए घरवारविहीन हुने डरले घर भत्काई जग्गा खाली गरिदिन हिच्किचाएका पनि हुन सक्छन् र त्यसो हुनुमा पहिलो किस्ताले मात्रै अर्को घर किन्न वा बनाउन नपुग्ने कारणले गर्दा भएको हो ।

४९. हालसम्ममा, तीनै जिल्लामा आरओडब्लूले प्रभावित पार्ने जग्गा जमिनको पहिचान गर्ने र रुजू गर्ने काम पनि सकिइसकेको छ । सन् २०१५ मार्च १२ भित्रै धनुषा र रामेछाप जिल्लामा जग्गा अधिग्रहणको क्षतिपूर्ति भुक्तान क्रमशः ९३ र ९५ प्रतिशत सकिइसकेको थियो र त्यसैगरी आरओडब्लूले प्रभावित सम्पत्तिको क्षतिपूर्ति दिने कार्य दुई जिल्लामा क्रमशः ६८ र ५२ प्रतिशत सकिएको थियो । बाँकी क्षतिपूर्ति दिने कार्य जग्गाधनी त्यस क्षेत्रभन्दा बाहिर वा विदेशमा भएको र जिल्ला प्रशासन कार्यालय (डीएओ) र एनइएले धेरै प्रयास गरेता पनि सम्पर्क गर्न सफल हुन नसकिएको कुरा बताइएको छ । यी प्रयासहरु गर्ने क्रममा धनुषाका दुईवटा स्थानीय अखबार र रामेछापमा ५ वटा अखबारमा क्षतिपूर्ति बुझ्न आउनेबारे सूचना प्रकाशित गरिएको थियो ।

५०. एनइएले पूरै प्रसारण लाइनमा बाँकी तिर्नुपर्ने क्षतिपूर्तिको ११० प्रतिशत रकम बाँकी क्षतिपूर्ति तिर्नका लागि सम्बन्धित डीएओ कार्यालयको विशेष खातामा पठाइएको र यसबारे स्थानीय अखबारबाट जानकारी पनि गराइएको छ । सिन्धुलीमा प्रसारण लाइनबाट प्रभावित जमिनको मूल्यको शतप्रतिशत क्षतिपूर्ति उपलब्ध गराउने निर्णय र १५९ जग्गाधनीहरुको सूची सरकारले नै राष्ट्रिय अखबारमा प्रकाशन गरिसकेको छ । सन् २०१५ को मार्च १२ सम्ममा ७८ प्रतिशत प्रभावित जमिनको क्षतिपूर्ति वितरण भइसकेको छ । बाँकी २२ प्रतिशत प्रभावित जग्गा जमिन भएका जग्गाधनीले भने क्षतिपूर्ति स्वीकारेका छैनन् त्यो २२ प्रतिशत जग्गाका धनीले परियोजनाबाट प्रभावित सबै मानिसहरुको १ प्रतिशतमात्रै

प्रतिनिधित्व गर्छन् । निवेदकहरुसमेतका यी जग्गाधनीहरुलाई क्षतिपूर्तिमा ढिलाइ हुने विषयले खासै प्रभाव पार्दैन किनभने उनीहरुले परियोजनाको अलाइनमेन्ट र पुनर्वास दुवै अस्वीकार गरेका छन् तसर्थ उनीहरु एनइएसँग यस विषयमा छलफलमा बस्न पनि अस्वीकार गर्दछन् ।

## आर एण्ड आर सहयोगको कार्यान्वयन

५१. ***प्यानलको जाँच परिणाम ।*** एआरएपीको सहयोगमा के के पर्दछन् भन्ने कुरा विस्तृतमा थिएन र यसैगरी त्यस्तो सहयोग कसरी हस्तान्तरण गर्ने भन्ने पनि उल्लेख गरिएको थिएन । २००६ एआरएपीले रिसेटलमेन्ट एण्ड पोलिसी फ्रेमवर्कमा आरएपीको खाकाले बताएबमोजिम गर्न सकेको छैन । आरओडब्लूले विस्थापित भएका घरधुरीलाई आर एण्ड आर सहयोगको प्रावधानहरुको कार्यान्वयनमा लामो ढिलाइ र असंगतिहरु रहेको पाइयो र जसले गर्दा ओपी/बीपी ४.१२-इन्भोलुन्टरी रिसेटलमेन्टको पालना भएन ।

५२. ***प्रतिक्रिया ।*** व्यवस्थापनले एआरएपीमा पाइएका कमजोरीलाई स्वीकार्दै यो अझ बढी बुझिने र विस्तृत खालको हुनुपर्ने थियो भनी मनन गरेको छ । यी कमजोरीहरु पत्ता लगाएर सन् २०१४ मा एआरएपी अद्यावधिक गर्नुका साथै ती कमजोरीलाई हटाई आरएपी बनाइएको छ ।

५३. व्यवस्थापनले एआरएपीमा उल्लेखित आर एण्ड आर सहयोगको वितरण गर्ने क्रममा लामै ढिलाइ भएको कुरामा सहमत छ । एआरएपी कार्यान्वयनमा ढिलाई हुनुमा एनइए परियोजना अफिसको सीमित क्षमता नै कारण रहेको र एआरएपी कार्यान्वयनको जिम्मेवारी केडीटीएल-इएमयूबाट परियोजना अफिसमा सारेपछि यस्तो हुन गएको हो । व्यवस्थापनले आरओडब्लूभित्र पर्ने घरहरु पहिचान गर्ने प्रक्रियामा सोचेभन्दा निक्कै लामो समय लागेको र त्यसले गर्दा आर एण्ड आर सहयोग वितरणमा ढिलाइ हुन गएको कुरा जनाएको छ ।

५४. मार्च १२, २०१५ सम्ममा, स्थलगत सर्वेक्षण, छलफल, सबै आर एण्ड आर गतिविधिको सम्भाव्यता मूल्यांकन सकिएपछि पूरै बजेट विनियोजन गरिएको थियो एवम् केही जनजीविकाका कार्यक्रम र पूर्वाधार परियोजनाहरु पनि पूरा गरिसकिएको छ । सिंचाई आयोजनाहरु, स्थानीय विद्यालयको लागि थप भवन निर्माण र तटबन्ध निर्माणका कामहरु जारी छन् र अरु थप समय लाग्नेछ । एनइएले सन् २०१५ जुन सम्ममा यी कामहरु सकिने अपेक्षा गरेको छ ।

## गुनासो समाधान

५५. ***प्यानलको जाँच परिणाम ।*** २०११ मा केडीटीएल-इएमयू को ठेक्काको म्याद गुज्रेपछि गुनासो वा पीरमर्का सुन्ने जिम्मेवारी एनइएको काठमाडौंस्थित परियोजना कार्यालयलाई तोकियो र त्यसपछि साइटमा गुनासो पीरमर्का सुन्ने व्यवस्था भने नराखिएको प्यानलले उल्लेख गरेको छ । केडीटीएलमा

उपयुक्त र पहुँचमा गुनासो पीरमर्का सुनाउने संयन्त्र भएन त्यसैले ओपी/बीपी ४.१२ -इन्भोलुन्टरी रिसेटलमेन्टको पालना नभएको कुरा प्यानलको ठहर छ ।

५६. ***प्रतिक्रिया ।*** व्यवस्थापनले परियोजना तहको गुनासो सुन्ने संयन्त्रको सेवामा अवरोध आएको कुरा मनन गरेको छ । सन् २०११ मा केडीटीएल-इएमयूको ठेक्काको म्याद गुज्रेपछि गुनासो पीरमर्का सुन्ने जिम्मेवारी एनइएको काठमाडौंस्थित परियोजना कार्यालयलाई तोकियो र त्यसपछि साइटमा गुनासो पीरमर्का सुन्ने व्यवस्था भने गरिएन । सन् २०१४ मार्चमा परियोजनामा नयाँ तीन तहको गुनासो समाधान संयन्त्र (ग्रिभान्स रिड्रेस मेकानिज्म -जीआरएम) स्थापना गरियो । यो जीआरएमले सन् २०१४ मार्चदेखि नै काम गर्न थालेको र यसले हालसम्म कूल ५० वटा गुनासो संकलन गरेको तथा एनइएले त्यसको सम्बोधन गरिसकेको छ । एनइएले आरएपी र भीसीडीपीको पूर्ण कार्यान्वयन नभएसम्म जीआरएम सञ्चालन गरिरहनेछ ।

## आदिवासी मानिसहरु

५७. ***प्यानलको जाँच परिणाम ।*** विवादित आरओडब्लूमा जनजाति, दलित र अरु जोखिमपूर्ण समुदाय रहेको र व्यवस्थापनको “मिश्रित समुदाय” अवधारणा कार्यान्वयन गर्ने निर्णय ओपी/बीपी ४.१०-इन्डिजिनस पिपल्स बमोजिम नै छ ।

५८. ***प्रतिक्रिया ।*** व्यवस्थापनले प्यानलका जाँच परिणामहरुलाई स्वागत गरेको छ ।

## भौतिक सांस्कृतिक सम्पदाहरु

५९. ***प्यानलको जाँच परिणाम ।*** प्रसारण लाइनले कुनै पनि भौतिक सांस्कृतिक सम्पदामा सिधै असर नपार्ने भएकोले केडीटीएलमा व्यवस्थापनको ओपी/बीपी ४.११ लागू नगर्ने निर्णयमा प्यानल सहमत छ र व्यवस्थापनले यो मापदण्डलाई पर्याप्त रुपमा विश्लेषण गरेको छ ।

६०. ***प्रतिक्रिया ।*** व्यवस्थापनले प्यानलको पालनासम्बन्धी निष्कर्षलाई स्वागत गरेको छ ।

## सूचनाको सार्वजनिकीकरण र छलफल

६१. ***प्यानलको जाँचपरिणाम ।*** परियोजनाको दस्तावेजहरुमा सुरक्षा उपायका प्रावधानहरु नराखिएको कुरा व्यवस्थापनले स्वीकारेको र हाल त्यस गल्तीलाई सच्याउने कार्य भइरहेको कुरा प्यानलले मनन गरेको छ । व्यवस्थापनले पर्याप्त, समयमै र अर्थपूर्ण छलफल गर्ने कुरा सुनिश्चित नगरेकोले ओपी/बीपी ४.०१, ओपी/बीपी ४.१० र ओपी/बीपी ४.१२ पालना नभएको प्यानलको ठहर छ ।

६२. ***प्रतिक्रिया ।*** निरीक्षणका लागि परेको निवेदनको जवाफ दिने क्रममा व्यवस्थापनले पीडीपीका लागि तयार सुरक्षासम्बन्धी दस्तावेजहरुलाई सार्वजनिक गर्ने कार्य सबलीकरण गर्नुपर्ने स्वीकार गरेको छ ।

त्यसयता बैंकले सुझाएबमोजिम एनइएले देशभित्र नेपाली र अंग्रेजी भाषामा अद्यावधिक गरिएका आरएपी र भीसीडीपी लगायतका मुख्य दस्ताबेजहरु सार्वजनिकीकरण गर्नुका साथै अंग्रेजी भाषाका ती दस्तावेजहरु बैंकको इन्फोसप वेबसाइटमा पनि राखिएको छ । अंग्रेजी भाषाका भीसीडीपी र एआरएपी एनइएको वेबसाइटमा २०१४ अप्रिल ४ मा राखिएको हो भने बैंकको इन्फोसप वेभसाइटमा भीसीडीपी २०१४ मार्च १ र एआरएपी चाँहि मार्च ३१ मा राखिएको र त्यसका नेपाली भाषामा अनुवाद गरिएका दस्तावेजहरु २०१४ अप्रिल १७ मा राखिएको हो । यसैगरी, प्रकाशित नेपाली भाषाका भीसीडीपी र एआरएपी दस्तावेजहरु २०१४ मई १० मा परियोजना क्षेत्रमा वितरण गरिएको थियो । आरएपी र भीसीडीपीलाई अद्यावधिक गर्नका लागि समुदायहरुमा ३० वटा छलफल चलाइएको थियो । तथ्यांक संकलन गर्ने प्रक्रियामा संचालन गरिएको पार्टिसिपेटरी रुरल अप्राइजल (पीआरए) मा ४६.१ प्रतिशत महिला, जनजाति र जोखिममा परेका समूहहरुसहित कूल ७७५ जना सहभागी भएका थिए । परियोजनाको तयारी र कार्यान्वयनका बेलामा चलाइएका सञ्चार र छलफलहरु अझ बढी सशक्त पार्न सकिन्थ्यो र अझैपनि यसलाई सबलीकरण गर्ने ठाउँ छ भन्ने कुरामा व्यवस्थापन सहमत छ । परियोजना क्षेत्रमा सुरक्षा अवस्था खतरनाक रहेको र एनइए र बैंकले परियोजनाको तयारी र कार्यान्वयनका बेलामा झेलेका समस्याहरुलाई उल्लेख गरेकोमा व्यवस्थापनले प्यानलको प्रशंसा गरेको छ ।

# ५. फाइन्डिङ्स (जाँच परिणाम) को प्रतिक्रियामा व्यवस्थापनले तयार पारेको कार्ययोजना

६३. परियोजना २०१३ डिसेम्बर ३१ मा नै बन्द भइसकेकोले बैंकको क्षमताले परियोजना तहमा उठेका समस्याहरुलाई समाधान गर्ने सम्भावना कमै हुने कुरा व्यवस्थापनले बताएको छ । तथापि, व्यवस्थापनले सरकार र एनइएसँग मिलेर तल उल्लेखित काम गर्दै सहयोग जारी राख्नेछ र त्यसमा हाल तयार भइरहेको प्रस्तावित पीएसआरएसएचडीपी मार्फत् पनि सहकार्य गरिनेछ ।

६४. धेरैजसो प्रस्तावित कार्यहरु व्यवस्थापनले २०१३ मा निरीक्षणको माग राखेका निवेदकहरुलाई दिइएको जवाफमा आधारित भई तयार गरिएका छन् । यी कार्यहरुको विस्तृत स्थिति अनुसूची २ मा प्रस्तुत गरिएको छ ।

६५. व्यवस्थापनले २०१५ मार्च २४ मा निवेदकहरुसँग छलफल चलाएको थियो । त्यसैगरी प्यानलका निष्कर्षहरुलाई सम्बोधन गर्ने गरी उचित कार्यहरु पहिचान गर्न बरोअर (अवलम्बनकर्ता) सँग छुट्टै छलफल गरिएको थियो । विद्यमान परिवेश सुहाउँदो त्यस्ता कार्यहरु तयार गर्दा निम्न अवस्थामा गरिएका हुन् (क) पीडीपी २०१३ डिसेम्बर ३१ मा बन्द भइसकेको (ख) धेरै निष्कर्षहरु परियोजना डिजाइन चरणको मूल्यांकनसँग सम्बन्धित भएको, (ग) प्यानलको प्रतिवेदन सार्वजनिक नगरेसम्म निवेदकहरु पुनर्वासको क्षतिपूर्ति लिने विषयसम्बन्धी छलफलमा बस्न नमानेको तथ्य रहेको । नेपालमा खटिएका समूहहरु खासगरी सुरक्षा व्यवस्थापन र आरओडब्लूको क्षतिपूर्तिमा संस्थागत सुधार र क्षमता विकासजस्ता बिषयहरुको छलफलमा सहभागी भएको छ । माथि बताइएका तथ्यहरु र प्यानलको प्रतिवेदनको प्रतिक्रियास्वरुप व्यवस्थापनले निम्न कार्ययोजनाहरु कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेको छः

**तालिका १. प्रस्तावित व्यवस्थापन कार्ययोजना (एक्सन प्लान)**

| मुद्दा/सवाल | कार्यहरु |
|---|---|
| **ओपी/बीपी ४.०१** | |
| | बैंकले एनइएलाई इएसएसडीको कार्यादेशलाई स्पष्ट पार्न मद्दत गर्ने, कार्यविधिहरुलाई व्यवस्थित गर्ने, एनइएको लगानीका क्षेत्रहरु र खासगरी प्रसारण लाइनका परियोजनाहरुमा वातावरणीय र |

| | |
|---|---|
| संस्थागत क्षमता | सामाजिक विषयहरुलाई अझ राम्रो ढंगले व्यवस्थापन गर्न यसको संचालन क्षमतामा सबलीकरण गर्ने जस्ता कार्यहरुमा निरन्तर सघाउनेछ । यी कार्यहरु प्रस्तावित पीएसआरएसएचडीपी (पी १५००६६) मार्फत् सञ्चालन गरिनेछन् । यस सहयोगले विधि र कार्यविधिहरुको विकासमा इएसएसडीलाई सहयोग गर्नेछ एवम् सुरक्षा व्यवस्थापन खासगरी वातावरणीय मूल्यांकनमा प्रसारण लाइन, विकल्पहरुको विश्लेषण, छलफल, सूचनाको सार्वजनिकीकरण, पुनर्वासको योजना र जिआरएम लगायतका विषयमा तालिम संचालन गर्नेछ । |
| **ओपी ४.१२** | |
| पुनर्वासको प्रलेखन | एनइएले अद्यावधिक भएको आरएपी कार्यान्वयनमा निरन्तरता दिनेछ । उक्त आरपीको कार्य नसकिएसम्म बैंकले सूक्ष्म रुपले अनुगमन गर्नेछ । |
| जग्गा अधिग्रहण र क्षतिपूर्ति | अद्यावधिक गरिएको आरएपीमा उल्लेख भएबमोजिम एनइएले तिर्न बाँकी क्षतिपूर्तिको रकम वितरण कार्य निरन्तर गर्नेछ । त्यसका लागि तिनै जिल्लाको डीएओको विशेष खातामा जम्मा भएको रकम प्रयोग गरिनेछ । बैंकले बाँकी क्षतिपूर्ति भुक्तानीमा निरन्तर सुझाब दिने तथा अनुगमन गर्नेछ । |
| आर एण्ड आर सहयोग | एनइएले आर एण्ड आर सहयोगको वितरण कार्य जारी राख्नेछ । आरएपी कार्यान्वयन पूरा नभएसम्म बैंकले एनइएलाई सुझाब दिने तथा अनुमगन गर्ने कार्य जारी राख्नेछ । |
| गुनासो तथा पीरमर्का सुन्ने र समाधान गर्ने | एनइएले अद्यावधिक गरिएको आरएपी कार्यान्वयनको दौरानमा जीआरएमलाई सञ्चालनमै राख्नेछ । बैंकले नियमित मिसन पठाई जीआरएम |

| | |
|---|---|
| | कार्यान्वयनको अनुगमन पनि निरन्तर गर्नेछ। |
| **ओपी ४.१०, आदिवासी मानिसहरु** | |
| भीसीडीपीको कार्यान्वयन | एनइएले अद्यावधिक गरिएको भीसीडीपीको कार्यान्वयनलाई निरन्तरता दिनेछ र यसैगरी बैंकले नियमित मिशन र एनइएसँगको कार्यमार्फत् कार्यान्वयनको सूक्ष्म मूल्यांकन गर्नेछ। |
| **सूचनामा पहुँच** | |
| सूचनाको सार्वजनिकीकरण र छलफल | एनइएले बैंकको सहयोगमा प्रभावित समुदायहरुबीच परियोजना कार्यान्वयनको सूचना वितरण जारी राख्नेछ र आरएपी र भीसीडीपीको कार्यान्वयनमा एनइएले उनीहरुसँग सहभागितामूलक तरीकाले छलफलमा सहभागी हुनेछ। |

## ६. निष्कर्ष

६६. व्यवस्थापनले प्यानलले पत्ता लगाएको कुरालाई मनन गदै प्रस्तावित कार्ययोजनाले विद्यमान परिस्थितिमा प्यानलका निष्कर्षलाई सम्बोधन गर्नेछ भन्ने विश्वास लिएको छ । र कार्यान्वयन गर्दा निम्न परिस्थितिहरु विद्यमान हुनेछन्: (क) पीडीपी सन् २०१३ डिसेम्बर ३१ मा बन्द भइसकेको, (ख) धेरै जाँच परिणामहरु परियोजना डिजाइन चरणको मूल्यांकनसँग सम्बन्धित भएको, (ग) प्यानलको प्रतिवेदन सार्वजनिक नगरेसम्म निवेदकहरु पुनर्वासको क्षतिपूर्ति लिने सम्बन्धको छलफलमा बस्न नमानेको तथ्य रहेको ।

६७. व्यवस्थापनले परियोजनाबाट सिकेका पाठहरुलाई अझ बढी बिश्लेषण गरी भविष्यमा खासगरी उर्जा क्षेत्रमा लागू गर्नेछ ।

६८. व्यवस्थापनले परियोजना समाप्त नभएको कुरा मनन गरेको छ । सिन्धुलीमा टावरहरुको निर्माण भएको छैन, प्रसारण लाइनको तार पनि टाँगिएका र परिणामतः उक्त लाइनबाट बिजुलीको प्रसारण गर्न नपाउँदा नेपाल सरकारले निरन्तर घाटा भएको महसुस गर्नुपरेको छ । यसबाहेक निवेदकहरुले उठाएका कुराहरु सम्बोधन नगरी परियोजना पूरा हुनेछैन । हालको अवस्थामा सरकार र निवेदकहरुले वार्ताद्वारा सम्झौता गर्नेछन् भन्ने कुरा स्पष्ट छैन ।

**व्यवस्थापन प्रतिवेदन र सिफरिस**
**इन्स्पेक्सन प्यानलको अनुसन्धान प्रतिवेदनमा प्रतिक्रिया**
**नेपाल ऊर्जा विकास परियोजना**

## अनुसूची १
## जाँच परिणाम, टिप्पणी र कार्यहरु

| क्र.सं | मुद्दा/जाँच परिणाम | | टिप्पणी/कार्य |
|---|---|---|---|
| | **वातावरणीय मूल्यांकन - तथा विकल्पहरुको मूल्यांकन तथा विश्लेषण (ओपी ४.०१, ओडी ४.०१. ओएमएस २.२०)** | **प्रतिवेदन अनुच्छेद नं.** | |
| १. | विकल्पहरुको विश्लेषण : वैकल्पिक बाटोको खोजी गर्न नियुक्त टेक्निकल कमिटिको प्रतिवेदन हेर्दा विवादित ३.८५ किलोमिटरको भागमा पर्ने टावरहरु २८/२ र ३१/१ बीच निर्माण गर्नुपर्ने बैकल्पिक प्रसारण लाइनको मूल्यांकन गरेको पाइयो तर प्रतिवेदन बनाउने क्रममा कमिटिले एउटा मात्रै विकल्पमा ध्यान दिएको र सबैभन्दा उत्तम अन्य उपायहरु पत्ता लगाउने प्रयास नगरेको स्पष्ट छ। कमिटिले दुई अलाइनमेन्टबीच तुलना गर्ने मापदण्डलाई नलिएको, आर्थिक र सामाजिक पक्षलाई ध्यान नदिएको तथा सरोकारवालासँग छलफल नै नगरेको कुरा पनि स्पष्ट भएको छ। **ओपी/बीपी ४.०१ का अनुसार त्यस्तो सिमित र निषेधात्मक मूल्यांकन गर्नुपर्ने थिएन । त्यसैले प्यानलले सिन्धुलीको** | ८०-८३ | **टिप्पणी** : सरकारद्वारा गरिएको विवादित ३.८५ किमीको बैकल्पिक रुटको विश्लेषणमा गल्ती भएको भन्ने प्यानलको भनाइसँग व्यवस्थापन सहमत छ । सँगसँगै व्यवस्थापनले झण्डै निर्माण कार्य सकिएको प्रसारण लाइनको एक छोटो भागलाई अन्यत्रबाट लैजाने कार्यमा बिकल्पहरु अन्त्यन्तै कम हुनुलाई समस्याका रुपमा उल्लेख गरेको छ।<br><br>केडीटीएल सुरुकै अलाइनमेन्ट अनुसार निर्माण गरिएको र त्यस अलाइनमेन्टमा छोटो भाग जसमा निरीक्षणका लागि निवेदन परेकोबाहेक अन्यत्र कही कतै विरोध पनि आएन । पूरै ७५ किमी को अलाइनमेन्ट मूल्यांकन गर्ने बेलामा परियोजनाले तीनवटा विकल्पहरुको विश्लेषण गरेको थियो र त्यस |

| | | | |
|---|---|---|---|
| | **कमालामाई नगरपालिकाको ३.८५ किलोमिटर दुरीमा वैकल्पिक प्रसारण लाइन व्यवस्थापन तथा निर्माण गर्नेवारे गरेको अध्ययन ओपी/बीपी ४.०१ को व्यवस्थासँग मेल खादैन ।** | | विश्लेषणमा सरोकारवालाको भनाई अनि सामाजिक र आर्थिक पक्ष एवम् प्राविधिक पक्षलाई पनि समेटिएको थियो ।<br><br>तीन विकल्पहरुको मूल्यांकन गर्दा इआइएका मूल्यांकनका मापदण्डहरु जस्तै जमिनको प्रयोग, सुरक्षाका दृष्टिले स्थानान्तरण गनुपर्ने घरसंख्या, जंगलको नोक्शान, निर्माणमा हुने कठिनाइ जसमा भीरमा सम्याउने कार्य, बाटोको पहुँचजस्ता कुरामा ध्यान दिइएको हुन्छ । इआइएले प्राविधिक एवम् आर्थिक रुपमा पनि सम्भव तथा वातावरणीय र समाजिक प्रभावलाई पनि ध्यान दिँदै अहिलेको अलाइनमेन्टलाई नै सबैभन्दा उत्तम विकल्प ठहर गरेको हो ।<br><br>समुदायको गुनासो र पीरमर्का सुनिसकेपछि प्यानलको प्रतिवेदनमा उल्लेखित ३.८५ किमि को बिकल्पहरुको वारेको बिश्लेषण सरकार/एनइएले गरेको हो । यो विश्लेषण परियोजना कार्यान्वयनको अन्तिम चरणमा मात्रै संचालन गरिएको हो र त्यतिबेला केडीटीएलको करीब ९५ प्रतिशत भन्दा बढी काम सकिइसकेको थियो । केडीटीएलको समग्र निर्माणको प्रगति भइसकेको अवस्थामा छोटो दुरी अलाइनमेन्ट परिवर्तन गर्न थोरैमात्र सम्भावित विकल्पहरु थिए र तिनै विकल्पहरुमा सिमित रही यो अध्ययन गरिएको हो । |

| | | | |
|---|---|---|---|
| | | | **कार्य :** लागू नहुने |
| २. | **क्षमता ।** पीडीपी पोलिसी फ्रेमवर्कले जोड दिएको पर्याप्त विस्तृत जानकारीसहितको पीडीपीको उप-परियोजनामा परेको वातावरणीय र सामाजिक प्रभाव अध्ययनको मूल्यांकनको आवश्यकता भएको कुरा प्यानलले जनाएको तर त्यसो नगरिएको पाइयो भनेको छ । तथापि, त्यसबारे अध्ययन गर्ने क्षमता रहे नरहेको अथवा दिइएको सिफारिस कार्यान्वयन गर्ने पनि क्षमता भए नभएको छलफल गर्नुपर्ने भन्ने थियो । **प्यानलले केडीटीएलको इआएले न त संस्थागत विश्लेषण न एनइएको क्षमता विकासको वारेमा उल्लेख गरेको छ जुन कुराले ओएमएस २.२०, ओडी ४.०१, र ओपी/बीपी ४.०१ का मुख्य प्रावधानहरुको पालना गरेको ठहरेको छ ।** | ७७-७९ | **टिप्पणी**: व्यवस्थापनले इआइएमा संस्थागत विश्लेषण नगरिएको स्वीकार गर्दै परियोजना डिजाइन र मूल्यांकन गर्ने क्रममा पनि वातावरणीय र सामाजिक मुद्दाहरु व्यवस्थापनका लागि एनइएको क्षमता अभिबृद्धि गर्ने जस्ता विशेष सहयोगका कुरा पनि समावेश नभएको स्वीकार गरेको छ । तथापि व्यवस्थापनलाई भने एनइएको खासगरी सामाजिक र वातावरणीय मुद्दाहरु समाधान गर्न सक्ने कुरामा सीमा रहेको जानकारी भएको र हाल एनइएको सामाजिक र वातावरणीय मुद्दाहरु समाधान गर्ने कार्यका लागि क्षमतावृद्धिको कार्य त्यस बखतमा जारी थियो । परियोजनाको कार्यान्वयनका दौरानमा एनइएको इएसएसडीका कर्मचारीलाई प्राविधिक तालिम आदि कुराहरु थप गरियो जुन कुरा परियोजना डिजाइनका बेला सोचिएको थिएन । यो सहयोगमा इएसएसडीको कार्यादेश, कामहरु र कर्मचारीको वारेमा पुनरावलोकन समेटेको छ । यो क्षमता विकासको सहयोगको कार्यक्रम प्रस्तावित पीएसआरएसएचडीपी (पी १५००६६) अन्तर्गत सञ्चालित हुनेछ ।<br><br>**कार्यः** बैंकले एनइएलाई इएसएसडीको कार्यादेशलाई स्पष्ट पार्न मद्दत गर्ने, कार्यविधिहरुलाई व्यवस्थित गर्ने, एनइएको |

| | | | |
|---|---|---|---|
| | | | लगानीका क्षेत्रहरु र खासगरी प्रसारण लाइनका परियोजनाहरुमा वातावरणीय र सामाजिक विषयहरुलाई अझ राम्रो ढंगले व्यवस्थापन गर्न यसको संचालन क्षमतामा सबलीकरण गर्ने निम्न कार्यहरुमा निरन्तर सघाउनेछ । यी कार्यहरु प्रस्तावित पीएसआरएसएचडीपी (पी १५००६६) मार्फत् सञ्चालन गरिनेछन् । यस सहयोगले विधि र कार्यविधिहरुको विकासमा इएसएसडीलाई सहयोग गर्नेछ एवम् सुरक्षा व्यवस्थापन खासगरी वातावरणीय मूल्यांकनमा प्रसारण लाइन, विकल्पहरुको विश्लेषण, छलफल, सूचनाको सार्वजनिकीकरण, पुनर्वासको योजना र जीआरएम लगायतका विषयमा तालिम सञ्चालन गर्नेछ । |
| | **वातावरणीय मूल्यांकन -स्वास्थ्यमा पर्न सक्ने प्रभाव** | | |
| ३. | प्यानलले प्रसारणलाइनको न्यून फ्रिक्वेन्सी वा वैज्ञानिकहरुको समुदाय इन्टरनेशनल कमिशन अन नन-आयोनाइजिङ रेडिएसन प्रोटेक्सन (आइसीएनआइआरपी) ले तोकेको तहभन्दा तलको इलेक्ट्रोम्याग्नेटिक फिल्डले जनस्वास्थ्यमा कुनै पनि असर नपर्ने कुरा उल्लेख गरेको छ । त्यसले मानव स्वास्थ्यमा असर पर्छ भन्ने कुरा वैज्ञानिक तथ्यको आधारमा नभई केबल कल्पना गरिएका कुरा मात्र हुन् । व्यवस्थापनले इलेक्ट्रोम्याग्नेटिक फिल्डको स्वास्थ्यमा पर्ने असरवारेमा विश्व बैंक समूहको इन्भारामेन्टल हेल्थ तथा सेफ्टी गाइडलाइन्सको पालना | ९२-१०३ | **टिप्पणी**ः व्यवस्थापनले प्यानलको ओपी ४.०१ को पालना गरेको भन्ने मुल्यांकनलाई प्रशंसा गरेको छ । परियोजना कार्यान्वयनका बखतमा एनइएले स्थानीय समुदायलाई न्यून फ्रिक्वेन्सी भएको इलेक्ट्रोम्याग्नेटिक फिल्डले जनस्वास्थ्यमा कुनै पनि असर नपर्ने कुरा व्याख्या गरिएको भएता पनि, तर स्थानीय माझ स्वास्थ्यमा असर पर्छ कि भन्ने सधै चासो भैराख्यो ।<br><br>सन् २०१३ मा निवेदन दर्ता भैसकेपछि, एनइएले धेरै सोधिएको प्रश्नहरु (एफएक्यू) हरु समेटिएको पोष्टर, चित्रहरुको साथमा |

| | | | |
|---|---|---|---|
| | गरेको कुरा प्यानलले बताएको छ । **त्यसैले व्यवस्थापनले बैंकको पोलिसी ओपी/बीपी ४.०१ पालना गरेको कुरा प्यानलले ठहर गर्दछ । पोलिसीले वातावरणीय मूल्यांकन गर्दा मानव स्वास्थ्य र सुरक्षालाई ध्यान दिनुपर्ने कुराको व्यवस्था गरेको छ ।**<br><br>व्यवस्थापनले प्रभावित समुदायलाई समयमै र सांस्कृतिक रुपले उपयुक्त तरीकाले त्यस ठाउँमा प्रसारण लाइन बन्दैछ भन्ने व्याख्यासहित सूचना दिएको थिएन भनेको छ भनी प्यानलले चासोपूर्वक औंल्याएको छ । त्यस्तो सूचनामा इएमएफ सम्बन्धित सुरक्षाका पक्षहरु पनि समेटिएको हुनुपर्ने व्यवस्था छ । यसबारेमा (तल आइटम ११) मा छलफल गरिएको छ । | | प्रसारण लाइन र यसले स्वास्थ्यमा पार्न सक्ने प्रभावबारे सूचना सहितको स्थानीय समुदायमाभ्र जानकारी दिने पुस्तिका तयार पारेको थियो । सन् २०१४ को पहिलो ६ महिनामा एनइएले ती सामग्रीहरु स्थानीयमाभ्र बैंकको समूहको निरीक्षणमा वितरण गऱ्यो । यसको अलावा, स्थानीय समुदायकै इन्जिनियरिङ प्रतिष्ठानमा कार्यरत एक प्रोफेसरलाई परामर्शदाताको रुपमा नियुक्त गरी स्वास्थ्यमा पर्न सक्ने प्रभावको वारेमा स्थानीयलाई सम्भ्फाउन खटाइएको पनि थियो । ती परामर्शदाता २०१४ मार्च २० देखि जुन ३० सम्म त्यस क्षेत्रको भ्रमण गरे । तिनको काममा (क) प्रसारण लाइनले स्वास्थ्यमा पार्न सक्ने असरहरुबारेको सुचना सामग्री तयार गर्न एनइएलाई मद्दत गर्ने, (ख) सघन सुचना सामग्री, रेडियो टक शो, समूह कुराकानी मार्फत् प्रसारण लाइन सम्बन्धी स्थानीयको चासोवारेमा सम्भ्फाउने/बुभ्फाउने, (ग) केडीटीएलको वारेमा स्थानीयसँग छलफल गर्ने रहेको थियो । व्यवस्थापनले सूचना प्रवाहमा सांस्कृतिक रुपमा उपयुक्त ढंगले र सजिलै बुभ्फ्न सकिने कुरालाई ध्यान दिएको थियो ।<br><br>**कार्य:** आवश्यक नरहेको । |
| | इन्भोलुन्टरी रिसेटलमेन्ट (अस्वेच्छिक पुनर्वास) (ओपी ४.१२) | | |
| ४. | **इन्स्ट्रमेन्टको छनौटः** परियोजनाको तयारी र मूल्यांकनको चरणमा प्रसारण लाइन | १४५-१४६ | **टिप्पणी**: सेफगार्ड इन्स्ट्रमेन्ट छनौटको प्रावधान ओपी/बीपी ४.१२ को पालना |

| | | | |
|---|---|---|---|
| | निर्माण गरिने स्थानहरु तय नभएको परिवेशमा हाल आएर केही भए पनि सूचना उपलब्ध हुनु भनेको व्यवस्थापनले सही ढंगले नीतिगत निर्णय लिएको देखिन्छ । **प्यानलले विस्थापित घरधुरीको संख्या जुन सन् २००६ र २०१४ को एआरएपीको अनुसार २०० भन्दा कम रहेको बताएको र प्रसारण लाइनको रेखीय प्रकृतिको कारणले प्रभाव न्यून रहने तथ्य पनि बताएको छ । अस्वेच्छिक पुनर्वासमा ओपी/बीपी ४.१२ एआरएपीको पालना गर्दै व्यवस्थापनले निर्णय गरी अगाडि बढेको पाइयो भनी प्यानलले भनेको छ ।** | | भएको भन्ने प्यानलको निष्कर्षलाई व्यवस्थापनले प्रशंसा गरेको छ ।<br><br>**कार्यः** आवश्यक नरहेको । |
| ५. | **पुनर्वास सम्बन्धी दस्तावेजहरुको पर्याप्तता ।** ओपी ४.१२ का अनुसार जनगणना सर्वेक्षण र अद्यावधिक गरिएको समाजिक-आर्थिक सूचना सँगसँगै विस्थापित मानिसहरुको जनजीविका र जीवस्तरका वारेमा निरन्तर रुपमा सूचना संकलन गर्न आवश्यक छ भनी प्यानलले भनेको छ र त्यस्ता सूचनाहरुबाट विस्थापितहरुको विस्थापित हुने बेलाका पछिल्ला सूचनाहरु पाइन्छन् । **प्यानलले २००६ को एआरएपी २००६ पछि आवश्यक महत्वपूर्ण समयमा अद्यावधिक नगरिएको भनेको छ जुन २००६ मा विद्रोहको समाप्तिपश्चात् प्रसारण लाइन निर्माण गर्नुअघि एआरएपी अद्यावधिक गरिएको छैन । त्यसैले व्यवस्थापनले अस्वेच्छिक पुनर्वासको ओपी/बीपी ४.१२** | १४७-१४९ | **टिप्पणीः** व्यवस्थापनले एआरएपी नियमित तवरले औपचारिक रुपमा अध्यावधिक नगरेको तथ्यलाई स्वीकारेको छ तर उसले एनइए र जिल्ला प्रशासनसँग मिलेर विस्तृत इन्भेन्टरी सर्वेक्षण तयार गरेको र एआरएपीको मुख्य सूचनाहरुलाई समयसमयमा अद्यावधिक गरेको कुरा पनि उल्लेख गर्न चाहेको छ । यसमा टावर निर्माण गर्न आवश्यक पर्ने जमिन, आरओडब्लूले प्रभावित पार्ने जमिन, त्यसका जग्गाधनीहरु, अचल सम्पत्ति, प्रभावित व्यक्तिका बाली/रुखहरु र यससँग सम्बन्धित मूल्यहरुको सूची त्यसमा समाविष्ट थियो । यस्तो सूचना अद्यावधिक गर्दा प्रत्येक गाउँ गाउँमा पुगी गरिएको र त्यस गाउँमा कुनै पनि भौतिक निर्माणको कार्य सुरु गर्नुपूर्व त्यस्तो अद्यावधिक कार्य गरिएको थियो । तर सूचना अद्यावधिक गर्ने कार्य पूरै |

| | | | |
|---|---|---|---|
| | **को पालना नगरेको प्यानलको ठहर छ।** | | अलाइनमेन्टमा एकै पटक गरिएको भने होइन । सन् २००८ देखि २०१३ सम्म भएका भौतिक प्रगति सँगसँगै त्यस्तो अद्यावधिक गर्ने कार्य गरिएको थियो । परियोजनाबाट प्रभावित प्रत्येक घरधुरी विस्तृत इन्भेन्टरी सर्वेक्षणमा सहभागी भएका थिए र उनीहरुले सरकारबाट पाउने क्षतिपूर्तिको वारेमा जानकारी पनि गराउने गरिन्थ्यो । पुनर्वासका लागि बजेट छुट्टयाउने र क्षतिपूर्ति वितरण गर्ने कार्य पनि अद्यावधिक गरिएको सूचनामा अधारित भई एवम् प्रभावित घरधुरीको मन्जुरीमा मात्र गरिएको थियो । त्यस्तो अद्यावधिक गर्ने कार्य एनइएले अभिलेखीकरण गरेको तथा जिल्ला प्रशासन र समुदायलाई सूचना दिइएको थियो ।<br><br>व्यवस्थापनले त्यसरी प्राप्त भएको अद्यावधिक सूचनाको आधारमा एआरएपीको नियमित अद्यावधिक नगरिएको कुरा स्वीकार्दै समय समयमा अद्यावधिक गरेको भए राम्रो हुने थियो भनेको छ । व्यवस्थापनको विचारमा, यो औपचारिक र पूरै सूचना अद्यावधिक गर्ने कार्य नगरे तापनि आवश्यक सूचनाहरु नियमित रुपमा संकलन र प्रयोग गरिएको हुँदा पुनर्वासको कार्यान्वयनमा कुनै प्रभाव पारेको थिएन । भौतिक निर्माण कार्यमा भएको लामो ढिलाइले एआरएपी कार्यान्वयन र क्षतिपूर्ति वितरणमा ढिला भएको हो । प्रभावित घरधुरीको संख्या २०० नाघेपछि एआरएपी लाई सन् २०१४ मार्चमा |

| | | | |
|---|---|---|---|
| | | | आरएपी बनाइएको छ ।<br><br>**कार्यः** एनइएले अद्यावधिक गरिएको आरएपी कार्यान्वयन गर्नेछ । बैंकले उक्त आरएपी कार्यान्वयन नभएसम्म सूक्ष्म ढंगले अनुगमन गर्नेछ । |
| ६. | **जग्गा अधिग्रहण र क्षतिपूर्ति ।** प्यानलले क्षतिपूर्ति भुक्तान गरिएको समय र क्षतिपूर्तिको किस्ता निकाशा कहिले हुन्छ भन्ने अन्योलका बीचमा लामो ढिलाइ भएको जनाएको छ । प्यानलले यो कार्य पनि ओपी/बीपी ४.१२ -इन्भोलुन्टरी रिसेटलमेन्ट अनुसार नभएको ठहर गर्दै त्यसमा क्षतिपूर्ति दिन योग्य व्यक्तिलाई तुरुन्तै र प्रभावकारी क्षतिपूर्ति भुक्तान गरिनुपर्थ्यो भनेको छ । | १५०-१५७ | **टिप्पणीः** क्षतिपूर्ति वितरणमा एआरएपीले तोकेको क्षतिपूर्ति भुक्तान गर्ने समयतालिकामा भन्दा धेरै ढिला भएको कुरा व्यवस्थापनले स्वीकारेको छ । यसो हुनुको पछाडि थुप्रै कारणहरु छन् जुन कुरा व्यवस्थापनले उल्लेख गर्न चाहेको छः<br><br>(क) परियोजनाको सिभिल वर्क्सको प्रगतिमा धेरै ढिलाई भएको थियो । त्यसैअनुरुप जमिन र अन्य सम्पत्तिको क्षतिपूर्ति वितरणको समय थपिँदै गएको थियो ।<br><br>(ख) टावर बनाउने ठाउँका लागि लिइने जग्गाका प्रभावित जग्गाधनीसँग मुआब्जामा सहमति गरियो र त्यसपछि एकमुष्ट मुआब्जा भुक्तानी दिएर मात्रै जग्गा लिई सिभिल कार्य सुरु गरियो ।<br><br>(ग) प्रसारण लाइनको ३० मिटर चौडा आरओडब्लूमा पर्ने प्रभावित सम्पत्तिको |

| | | | |
|---|---|---|---|
| | | | क्षतिपूर्ति सम्बन्धमा, एआरएपीले त्यस्तो क्षतिपूर्ति रकमको ५० प्रतिशत घर भत्काउनुअघि नै भुक्तान गरेको र घर भत्काउने बेलामा बाँकी ५० प्रतिशत क्षतिपूर्ति दिइएको थियो र त्यसरी वितरित क्षतिपूर्तिमा परियोजनाबाट प्रभावित मानिसहरुले गरेको लिखित सहमति बमोजिम थियो । उक्त सहमतिको दस्तावेजमा पछिल्लो ५० प्रतिशत किस्ता भुक्तानीका सर्तहरु पनि स्पष्टसाथ लेखिएको थियो । तर केही घरधुरीहरुले सहमति बमोजिम घर नभत्काइदिएको कारणले उनीहरुलाई दिने क्षतिपूर्ति भुक्तानीमा मात्र ढिलो भएको हो । परियोजनाबाट प्रभावित मानिसहरु आफ्नै नयाँ घरमा सरिसकेपछि मात्रै एनइएले जमिन लिने गर्दथ्यो । पूरै क्षतिपूर्ति नबुझिकन कोही व्यक्ति वा परिवार पनि विस्थापित हुँदैन थिए ।<br><br>(घ) समयतालिका अनुसार क्षतिपूर्ति भुक्तानीमा केही अन्य ढिलाइहरु भएका थिए तर ती एकाध र अपवादहरु मात्रै थिए । (अ) एनइए र डीएओहरुले प्रयास गर्दा पनि केही रुख र बाली नोक्शान हुने जग्गाधनीहरुसँग सम्पर्क हुन सकेन । (आ) विवादास्पद क्षेत्रमा नयाँ क्षतिपूर्तिको प्याकेजमा सहमत गराउन थप केही समय लागेको थियो । नयाँ प्याकेज दिने घोषणा एवम् उपलब्ध गराइएको थियो । त्यसपछि पनि केहीले क्षतिपूर्ति भुक्तान गर्न अस्वीकार गरिरहेका थिए । |

| | | | |
|---|---|---|---|
| | | | व्यवस्थापनले एनइएको क्षतिपूर्तिलाई दुई किस्ता गरी दिने अभ्यासले केही परियोजना प्रभावित मानिसहरुबीच भ्रम परेको हुन सक्ने कुरा स्वीकारेको छ । केहीले क्षतिपूर्तिको दोस्रो किस्ता बुझ्नमा ढिला हुन गएको खण्डमा आफ्नो घर भत्काए घरवारविहीन हुने डरले घर भत्काइ जग्गा खालि गरिदिन हिच्किचाएका पनि हुन सक्छन् र त्यसो हुनुमा पहिलो किस्ताले मात्रै अर्को घर किन्न वा बनाउन नपुग्ने कारण पाइन्थ्यो ।<br><br>हालसम्ममा, तीनै जिल्लामा आरओडब्लूले प्रभावित पार्ने जमिन पत्ता लगाउने र रुजू गर्ने काम पनि सकिइसकेको छ । सन् २०१५ मार्च १२ भित्रै धनुषा र रामेछाप जिल्लामा जग्गा अधिग्रहणको क्षतिपूर्ति भुक्तान क्रमशः ९३ र ९५ प्रतिशत सकिइसकेको थियो र त्यसैगरी आरओडब्लूले प्रभावित सम्पत्तिको क्षतिपूर्ति दिने कार्य दुई जिल्लामा क्रमशः ६८ र ५२ प्रतिशत सकिएको थियो । बाँकी क्षतिपूर्ति दिने कार्य जग्गाधनी त्यस क्षेत्रभन्दा बाहिर वा विदेशमा भएको र जिल्ला प्रशासन कार्यालय (डीएओ) र एनइएले धेरै प्रयास गरेता पनि सम्पर्क गर्न असफल भएको कुरा बताइएको छ । यी प्रयासहरु गर्ने क्रममा धनुषाका दुईवटा स्थानीय अखबार र रामेछापमा ५ वटा अखबारमा क्षतिपूर्ति बुझिलिने बारेको सूचना प्रकाशित गरिएको थियो ।<br><br>पूरै प्रसारण लाइनमा बाँकी तिर्नुपर्ने |

| | | | |
|---|---|---|---|
| | | | क्षतिपूर्तिको ११० प्रतिशत रकम क्षतिपूर्ति तिर्नका लागि सम्बन्धित डीएओ कार्यालयको विशेष खातामा पठाएको र यसबारे स्थानीय अखबारबाट जानकारी समेत गराइएको कुरा एनइएले भनेको छ । सिन्धुलीमा प्रसारण लाइनबाट प्रभावित जमिनको मूल्यको शत प्रतिशत क्षतिपूर्ति उपलब्ध गराउने निर्णय र १५९ जग्गाधनीहरुको सूची सरकारले नै राष्ट्रिय स्तरका अखबारमा प्रकाशन गरिसकेको छ । सन् २०१५ को मार्च १२ सम्ममा ७८ प्रतिशत प्रभावित जमिनको क्षतिपूर्ति वितरण भइसकेको छ । बाँकी २२ प्रतिशत प्रभावित जमिन भएका जग्गाधनीले भने क्षतिपूर्ति स्वीकारेका छैनन् । यी जग्गाधनीहरुलाई क्षतिपूर्तिमा ढिलाई हुने विषयले खासै प्रभाव पार्दैन किनभने उनीहरुले परियोजनाको अलाइनमेन्ट र पुनर्वास दुवै अस्वीकार गरेका छन् तसर्थ उनीहरु एनइएसँग यस विषयमा छलफलमा बस्न पनि अस्वीकार गर्दछन् ।<br><br>**कार्य**: अद्यावधिक गरिएको आरएपी अनुसार एनइएले बाँकी क्षतिपूर्ति दिने कार्य जारी राख्नेछ । यसअघि नै सम्बन्धित डीएओको विशेष खातामा भएको रकमबाट क्षतिपूर्ति भुक्तान गरिनेछ । बाँकी क्षतिपूर्ति भुक्तानीमा बैंकले निरन्तर सल्लाह दिने र अनुगमन गर्नेछ । |
| ७. | **पुनर्बास तथा पुनर्स्थापना (आर एण्ड** | १५८/१६ | **टिप्पणीः** व्यवस्थापनले एआरएपीमा पाइएका |

| | | | |
|---|---|---|---|
| | **आर) सहयोगः**<br><br>सहयोगको विस्तृत परिभाषा उपयुक्त भएपनि २००६ को एआरएपीमा उल्लेखित उक्त सहयोगमा के दिइने र कसरी दिइने भन्ने कुरा उल्लेख नभएको प्यानलले जनाएको छ । २००६ को एआरएपीले पुनर्वास कार्ययोजना (आरएपी) को खाकामा बताइएको पुनर्वास तथा नीति कार्यढाँचाको अपेक्षा पूरा नगरेको प्यानलले जनाएको छ ।<br><br>परियोजनाको दस्तावेजमा नै खिम्ती-ढल्केबर इन्भारान्मेन्ट व्यवस्थापन युनिट (केडीटीएल-इएमयू) ले स्थानान्तरण प्रक्रियामा सहयोग पुऱ्याउने जिम्मेवारी तोकिएको थियो जुन प्रक्रिया एआरएपीको कम्युनिटी सपोर्ट कार्यक्रममा तयार गरिएको थियो र युनिटको जिम्मेवारीमा क्षतिपूर्ति र पुनर्स्थापनाको अनुदान समयमै र प्रभावकारी ढंगले दिएकाु बारे अनुगमन गर्ने पनि थियो । तर २०११ मा ठेक्काको म्याद गुज्रेपछि केडीटीएल-इएमयू को काम बन्द भयो र यसको जिम्मेवारीहरु एनइएको काठमाडौंस्थित परियोजना कार्यालयमा सारियो । प्यानलले आरओडब्लूमा विस्थापित घरधुरीलाई पुऱ्याउनुपर्ने आर एण्ड आर सहयोगमा धेरै नै ढिलाई र असंगति भएको पाइयो जसले गर्दा ओपी/बीपी ४.१२-इन्भोलुन्टरी रिसेटलमेन्ट को | १ | कमजोरीलाई स्वीकार्दै यो अझ बढी बुझिने र विस्तृत खालको हुनुपर्ने थियो भनी मनन गरेको छ । यी कमजोरीहरु पत्ता लगाएर २०१४ मा एआरएपी अद्यावधिक गर्नुका साथै ती कमजोरीलाई हटाइ आरएपी बनाइएको छ । व्यवस्थापनले एआरएपीमा उल्लेखित आर एण्ड आर सहयोगको वितरण गर्ने क्रममा लामै ढिलाई भएको कुरामा सहमत जनाएको छ । एआरएपी कार्यान्वयनमा ढिलाइ हुनुमा एनइए परियोजना अफिसको सीमित क्षमता कारण रहेको र एआरएपी कार्यान्वयनको जिम्मेवारी केडीटीएल-इएमयूबाट परियोजना अफिसमा सारेपछि यस्तो हुन गएको हो । व्यवस्थापनले आरओडब्लूभित्र पर्ने घरहरु पहिचान गर्ने प्रक्रियामा सोचेभन्दा निकै लामो समय लागेको र त्यसले गर्दा आर एण्ड आर सहयोग वितरणमा ढिलाई हुन गएको कुरा पनि जनाएको छ ।<br><br>सन् २०१५ को मार्च १२ सम्ममा, स्थलगत सर्वेक्षण, छलफल, सबै आर एण्ड आर गतिविधिको सम्भाव्यता मूल्यांकन सकिएपछि, पूरै बजेट विनियोजन गरिएको थियो एवम् केही जनजीविकाका कार्यक्रम र पूर्वाधार परियोजनाहरु पनि पूरा गरिसकिएको छ । सिंचाई आयोजनाहरु, स्थानीय विद्यालयको लागि थप भवन निर्माण र तटबन्ध निर्माणका कामहरु जारी छन् र अरु थप समय लाग्नेछ । एनइएले सन् २०१५ जुन महिनासम्ममा यी कामहरु |

| | | | |
|---|---|---|---|
| | पालना भएन । | | सकिने अपेक्षा गरेको छ ।<br><br>**कार्यः** एनइएले आर एण्ड आर सहयोगको वितरण जारी राख्नेछ । बैंकले आर एण्ड आर सहयोग वितरणको कार्य नसकिएसम्म निरन्तर सल्लाह दिने र अनुगमन गर्ने कार्य गर्नेछ । |
| ८. | **गुनासो तथा पीरमर्का सुल्झाउनेः** केडीटीएल-इएमयू को स्थापना केडीटीएलको निर्माण सुरु हुनुपूर्व नै भएको र यसका अन्य जिम्मेवारीहरुको साथै परियोजनाको गुनासो तथा पीरमर्का सुल्झाउने इकाईको रुपमा काम गर्नुपर्ने जवाफ व्यवस्थापनले दिएको छ ।<br><br>सन् २०११ मा केडीटीएल-इएमयू को ठेक्काको म्याद गुज्रेपछि गुनासो पीरमर्का सुन्ने जिम्मेवारी एनइए काठमाडौंको परियोजना अफिसलाई तोकियो र त्यसपछि साइटमा गुनासो पीरमर्का सुन्ने व्यवस्था भने नराखिएको प्यानलले बताएको छ । **केडीटीएलमा उपयुक्त र पहुँचमा गुनासो पीरमर्का सुनाउने संयन्त्र भएन त्यसैले ओपी/बीपी ४.१२ - इन्भोलुन्टरी रिसेटलमेन्टको पालना नभएको प्यानलको ठहर छ ।** | १६२-१६३ | **टिप्पणीः** व्यवस्थापनले प्रोजेक्ट तहको गुनासो सुन्ने संयन्त्रको सेवामा अवरोध आएको कुरा मनन गरेको छ । २०११ मा केडीटीएल-इएमयू को ठेक्काको म्याद गुज्रेपछि गुनासो तथा पीरमर्का सुन्ने जिम्मेवारी एनइएको काठमाडौंस्थित परियोजना कार्यालयलाई तोकियो र त्यसपछि साइटमा गुनासो पीरमर्का सुन्ने व्यवस्था भने गरिएन । सन् २०१४ मार्चमा परियोजनामा नयाँ तीन तहको गुनासो समाधान सयन्त्र (ग्रिभान्स रिड्रेस मेकानिज्म -जीआरएम) स्थापना गरियो । यो जीआरएमले सन् २०१४ मार्च महिनादेखि नै काम गर्न थालेको र यसले हालसम्म कूल ५० वटा गुनासो संकलन गरेको तथा एनइएले त्यसमा सम्बोधन गरिसकेको छ । एनइएले आरएपी र भीसीडीपीको पूर्ण कार्यान्वयन नभएसम्म जीआरएम सञ्चालन गरिरहनेछ ।<br><br>**कार्यः** एनइएले अद्यावधिक गरिएको आरएपी |

| | | | |
|---|---|---|---|
| | | | सम्पन्न नहुन्जेलसम्मका लागि जीआरएम चालू राख्नेछ । बैंकले नियमित रुपमा मिशन पठाएर जीआरएम कार्यान्वयनको निरन्तर अनुगमन गर्नेछ । |
| | **आदिवासी मानिसहरु (ओपी ४.१०)** | | |
| ९. | **विवादित आरओडब्लूमा आदिवासीहरुको पहिचान** : प्रसारण लाइनको प्रभावमा परेका संकटापन्न, उच्च सीमान्तकृत जनजाति समुदायहरुको वारेमा विश्लेषण गरेको भए २००६ र २०१४ को भल्नरेवल कम्युनिटी डेभलेपमेन्ट प्लान - भिसीडिपीका दस्तावेजहरु राम्रा हुन सक्थे भनी प्यानलले बताएको छ । तिनै समुदायका सदस्यहरु परियोजना अतिप्रभावित परिवार (सिभियर्ली प्रोजेक्ट अफेक्टेड फेमिलीज - एसपीएएफ) मध्येका हुन सक्छन् जो प्रसारण लाइनका कारणले स्थानान्तरण भएका छन् । प्यानलले यस सम्बन्धमा व्यवस्थापनले निर्णय गर्दा मिश्रित समुदायको सोच राखी व्याख्या गरिदिएको भए यसमा मद्दत मिल्ने थियो भनेको छ । **विवादित आरओडब्लूमा जनजाति, दलित र अन्य जोखिममा पर्न सक्ने समुदायहरु भएकोमा व्यवस्थापनले आफ्नो निर्णयमा "मिश्रित समुदाय"को अवधारणा लागू गर्न सक्ने थियो जुन अवधारणा ओपी/बीपी ४.१० जनजाति मानिसहरु अनुकूल हुने कुरा प्यानलले बताएको छ ।** | १९६-२०० | **टिप्पणीः** व्यवस्थापनले बैंकको ओपी/बीपी ४.११ को प्रावधान पालना गरेको भन्ने प्यानलको ठहरलाई स्वागत गरेको छ ।<br><br>परियोजनाले यसअघि नै तय गरिएको कार्ययोजनाबमोजिम समुदायसँग छलफल गरी भीसीडीपी अद्यावधिक गरेको छ । यो हाल सिन्धुली जिल्लाबाहेक अन्य ठाउँमा लागू गरिएको छ । सिन्धुलीका समुदायले भने इन्स्पेक्सन प्यानलको प्रतिवेदन उनीहरुमाझ सार्वजनिक नगरेसम्म भीसीडीपी कार्यान्वयनमा सहभागी हुन अस्वीकार गरेका छन् ।<br><br>**कार्यः** एनइएले अद्यावधिक गरिएको भीसीडीपीको कार्यान्वयन जारी राख्नेछ । बैंकले नियमित रुपमा मिशन पठाएर र एनइएसँगको समन्वयमा कार्यान्वयनको निरन्तर अनुगमन गर्नेछ । |

| | | | |
|---|---|---|---|
| | | | |
| | **सांस्कृतिक सम्पदाको संरक्षण (ओपी ४.११)** | | |
| १०. | अनुसन्धान भ्रमणले जोखिम कम गर्ने योजना अझ बलियो र सम्भावित प्रभाव बारेको सूचना झन् राम्रोसँग सञ्चार हुनसक्थ्यो भनी औँल्याए तापनि **प्यानलले ओपी/बिपी ४.११ लागू नगरेकोमा सहमति जनाउँदै प्रसारण लाइनले कुनै पनि भौतिक सांस्कृतिक संरचनालाई सीधै प्रभाव पार्दैन र व्यवस्थापनले परियोजना दस्तावेजहरुमा यसबारे पर्याप्त विश्लेषण गरेको कुरा उल्लेख गरेको छ ।** | २१०-२१२ | **टिप्पणीः** बैंकले ओपी/बीपी ४.११ को प्रावधान पालना गरेको भन्ने प्यानलको मूल्यांकनलाई व्यवस्थापनले स्वागत गरेको छ ।<br><br>**कार्यः** आवश्यक छैन । |
| ११. | **सार्वजनिकीकरण र छलफलः** बैंक व्यवस्थापनले पीडीपीका लागि सेफगार्ड डकुमेन्ट सार्वजनिक नगर्नु कमजोरी भएको स्वीकारेको छ । **व्यवस्थापनले सेफगार्ड सम्बन्धी प्रावधानहरु परियोजनाको दस्तावेज बनाउने क्रममा पूर्ण रुपमा सार्वजनिक नगरिएको तथ्यलाई मनन गर्दै हाल त्यसलाई सच्याउने कार्य भइराखेको कुरा प्यानलले जनाएको छ ।**<br><br>वातावरणीय मूल्यांकन, अस्वेच्छिक पुनर्वास र आदिवासी मानिसहरुसँग बैंकको नीतिअनसार गर्नुपर्ने छलफलहरुमा भिन्नता हुन सक्छ भन्दै | २४३-२५५ | **टिप्पणी**: निरीक्षणका लागि परेको निवेदनको जवाफ दिने क्रममा व्यवस्थापनले पीडीपीका लागि तयार सेफगार्ड दस्तावेजहरुलाई सार्वजनिक गर्न राम्रोसँग सबलीकरण गर्नुपर्ने कुरा स्वीकार गरेको छ । त्यसयता एनइएले बैंकको सल्लाह अनुसार परियोजनाका मुख्य दस्ताबेजहरु नेपाली र अंग्रेजी भाषामा सार्वजनिक गर्ने भन्ने सुझाब पालना गरेको छ । मुख्य दस्ताबेजहरु सार्वजनिकीकरण गर्नुका साथै अंग्रेजी भाषाका ती दस्तावेजहरु बैंकको इन्फोसप वेबसाइटमा पनि राखिएको छ । साथै, एनइएले अद्यावधिक गरिएका आरएपी र भीसीडीपी सार्वजनिक गरेको छ ।<br><br>• अंग्रेजी भाषाका भीसीडीपी र एआरएपी एनइएको वेवसाइटमा सन् २०१४ अप्रिल ४ मा राखियो भने |

| | | | |
|---|---|---|---|
| | प्यानलले परियोजनाको तयारी र कार्यान्वयनका दौरानमा परियोजनाका प्रभावित समुदायसँग गरिने छलफल चाँडै, अर्थपूर्ण तथा निरन्तर हुनु आवश्यक छ भनेको छ । यस्तो आवश्यकताहरु परियोजना डिजाइन गर्न, नकारात्मक प्रभावमा कमी ल्याउन तथा परियोजनाबाट हुने फाइदालाई बृद्धि गर्नु रहेको छ ।<br><br>केडीटीएलको परियोजना तयारी र कार्यान्वयन चरणमा निरन्तर सूचना प्रवाह र छलफल नभएकोले यसअघि भनिएजस्तै समुदायहरुबीच प्रसारण लाइन र यसले स्वास्थ्यमा पार्न सक्ने प्रभावको वारेमा गलत बुझाई हुन गई प्रसारण लाइन जडान गर्ने आरओडब्लूमा अवरोध हुन गएको कुरा प्यानलले बताएको छ । **माथि बताइएबमोजिम र केडीटीएलको तयारी र कार्यान्वयन चरणमा सिन्धुली जिल्लाको असुरक्षा र व्यवस्थापनलाई भ्रमण गर्न रोक लगाइएबाट व्यवस्थापनले परियोजना तयारी र कार्यान्वयन चरणमा पर्याप्त, समयमै र अर्थपूर्ण छलफल नचलाइएको कुरा प्यानलको ठहर छ । जसले गर्दा ओपी/बीपी ४.०१ इन्भारान्मेन्ट एसेसमेन्ट, ओपी /बीपी ४.१० जनजाति समुदाय र ओपी/बीपी ४.१२ इन्भोलुन्टरी रिसेटलमेन्ट को पालना नभएको निष्कर्ष छ ।** | | बैंकको इन्फोसप वेवसाइटमा भीसीडीपी सन् २०१४ मार्च १ र एआरएपी चाँहि मार्च ३१ मा राखियो;<br><br>● त्यसका नेपाली भाषामा अनुवाद गरिएका दस्तावेजहरु सन् २०१४ अप्रिल १७ मा राखियो;<br><br>● यसैगरी प्रकाशित नेपाली भाषाका भीसीडीपी र एआरएपी दस्तावेजहरु मई १०, २०१४ मा परियोजना क्षेत्रमा वितरण गरियो । क<br><br>आरएपी र भिसिडिपीलाई अद्यावधिक गर्नका लागि समुदायहरुमा ३० वटा परामर्श तथा छलफल चलाइएको थियो त्यसमा १७ वटा आदिवासी समुदाय र १३ वटा दलित समुदाय पनि थिए । २८ वटा दलित र २३ वटा आदिवासी समुदायसँग गरी कूल ५१ वटा पीआरए अर्थात् पार्टिसिपेटरी रुरल अप्राइजल (प्रत्येक गाविस/नगरपालिकामा तीनवटा पीआरए) संचालन गरिएको थियो ।<br><br>तथ्यांक संकलन गर्नका लागि संचालन गरिएको पिआरए मा ४६.१ प्रतिशत महिला र जनजाति र जोखिममा परेका समूहहरुसहित कूल ७७५ जना सहभागी भएका थिए ।<br><br>परियोजनाको तयारी र कार्यान्वयनका |

| | | | |
|---|---|---|---|
| | | | बेलामा चलाइएका सञ्चार र छलफलहरु अझ बढी सशक्त पार्न सकिन्थ्यो र अझै पनि यसलाई सबलीकरण गर्ने ठाउँ छ भन्ने कुरामा व्यवस्थापन सहमत छ । परियोजना क्षेत्रमा सुरक्षा अवस्था खतारनाक रहेको र एनइए र बैंकले परियोजनाको तयारी र कार्यान्वयनका बेला झेलेका समस्याहरुलाई उल्लेख गरेकोमा व्यवस्थापनले प्यानलको प्रशंसा गरेको छ ।<br><br>**कार्यः** बैंकको सहयोगमा एनइएले प्रभावित समुदायमा परियोजना कार्यान्वयनको सूचना प्रवाह गर्ने कार्य जारी राख्नेछ र ती समुदायलाई आरएपी र भीसीडीपीको कार्यान्वयनका लागि सहभागितामूलक तरिकाले छलफलहरुमा सहभागी गराइनेछ । यो छलफल तथा परामर्श आरएपी र भीसीडीपी कार्यान्वयन नभएसम्म जारी रहनेछ । बैंकले सूचना प्रवाह गर्न एवम् छलफलहरुको प्रक्रियाका दौरान सहयोग तथा अनुगमन गर्नेछ । |

# अनुसूची २

## २०१५ को मार्च १२ सम्ममा
## २०१३ को व्यवस्थापन कार्ययोजनाको कार्यान्वयन स्थिती

### सारांश

मार्च १२ सम्ममा आरओडब्लूको क्षतिपूर्ति दिने काम र अद्यावधिक गरिएको भीसीडीपी र आरएपीको कार्यान्वयन बाहेक सबैजसो कार्ययोजनाका कामहरु पूरा भइसकेका छन् भने बाँकी कार्यहरु अगामी तीन महिनामा सकिने अपेक्षा गरिएको छ । कार्ययोजनाको कार्यान्वयनमा भएको प्रगतिलाई तल सारांशमा भनिएको छ। हरेक कार्यको विस्तृत सूचना तालिका १ मा उल्लेख गरिएको छ।

### क) बाँकी क्षतिपूर्ति वितरण र पुनर्वास तथा पुनर्स्थापना (आर एण्ड आर) सहयोग सम्पन्न गर्ने

*सिन्धुली जिल्लामा क्षतिपूर्ति*: आरओडब्लूबाट प्रभावित ७८ प्रतिशत जग्गाधनी अर्थात् १५९ मा १२४ जनाले नयाँ क्षतिपूर्तिको प्याकेज स्वीकार गरिसकेका छन् । कूल ११७ वटा कित्ता (प्लट) जग्गाको क्षतिपूर्ति वितरण भइसकेको छ भने थप सातवटाको प्रक्रियामा रहेको छ। बाँकी ३५ वटा (२२ प्रतिशत) कित्ताका जग्गधनीले क्षतिपूर्ति बुझ्न अस्वीकार गर्दै इन्स्पेक्सन प्रतिवेदन सार्वजनिक भएपछि मात्र नयाँ क्षतिपूर्ति लिने/नलिने वारे निर्णय गर्ने जनाएका छन् । नेपाल सरकार, सडक विभागले बाँकी क्षतिपूर्ति तिर्नका लागि आवश्यक पर्ने रकम बराबर डीएओको विशेष खातामा जम्मा गरिसकेका छन् । बाँकी ३५ जग्गाधनीले डीएओबाट क्षतिपूर्ति रकम बुझ्न सक्नेछन् ।

*धनुषा र रामेछाप जिल्लामा क्षतिपूर्ति*: क्षतिपूर्तिको बिषयमा यस जिल्लामा कुनै विवाद छैन । सबै टावर प्याडहरुका लागि जग्गा अधिग्रहण पूरा भई क्रमशः ९३ प्रतिशत र ९५ प्रतिशतमा क्षतिपूर्ति वितरण भइसकेको छ । आरओडब्लूअन्तर्गत धनुषामा ६८ प्रतिशत जग्गाको र रामेछापमा ५२ प्रतिशत जग्गाको क्षतिपूर्ति भुक्तान भइसकेको छ ।

जग्गाधनीहरु त्यसक्षेत्रभन्दा बाहिर वा विदेशमा भएको कारणले बाँकी क्षतिपूर्ति वितरण गर्न सकिएको छैन । एनइएले र सम्बन्धित डीएओले गाविसहरुमा सूचना टाँस गर्ने तथा धनुषाका २ वटा र रामेछापका ५ वटा स्थानीय अखबारमा सूचना प्रकाशित गर्ने जस्ता थुप्रै प्रयास भए तापनि उनीहरुसँग सम्पर्क हुन सकेको छैन । एनइएले सम्बन्धित डीएओको विशेष खातामा कूल बाँकी क्षतिपूर्ति रकमको ११० प्रतिशत रकम जम्मा गरिसकेको छ । योग्य जग्गाधनीले डीएओबाट क्षतिपूर्ति रकम बुझ्न सक्छन् ।

**ख) सञ्चार/सामाजिक बिशेषज्ञको नियुक्ति**

सम्पन्न भइसकेको छ ।

**ग) मुख्य सञ्चारका लागि समुदायिक सम्पर्क अधिकृतको नियुक्ति**

सम्पन्न भइसकेको छ ।

**घ) भीसीडीपी र एआरएपीलाई अद्यावधिक गर्ने**

भीसीडीपी र आरएपी अद्यावधिक गरिएको र बैंकले पनि त्यसमा सहमति जनाइसकेको छ । नेपाली र अंग्रेजी भाषाको भीसीडीपी र आरएपी तीनै जिल्लाका डीएओ, एनइए र बैंकको इन्फोसपमार्फत् सार्वजनिक गरिएको छ ।

**ङ) अद्यावधिक गरिएको भिसिडिपि र एआरएपीको पूर्ण कार्यान्वयन**

*अद्यावधिक गरिएको भीसीडीपीको कार्यान्वयन:* धनुषा र रामेछाप जिल्लामा जीविकोपार्जन सुधार एवम् आयआर्जनसम्बन्धी परियोजना र व्यवसायिक सीपमूलक तालिमहरु सम्पन्न भैसकेका छन् । स्थानीयहरुको अवरोधका कारणले सिन्धुलीमा भने एनइएले यो कार्यक्रम सुरु गर्न पनि सकेन । विभिन्न समुदायमा पूर्वाधार परियोजना निर्माण कार्यका लागि स्थलगत सर्वेक्षण, परामर्श अनि डिजाइन र सम्भाव्यता अध्ययन पूरा भइसकेका छन्, नेपाल सरकारले एनइएलाई बजेट पनि छुट्ट्याइसकेको छ र ती परियोजनाहरु हाल संचालनमा छन् वा पूरा भैसकेका छन् । एनइएले ती सबै परियोजनाहरु सन् २०१५ जुनमा सकिने अपेक्षा गरेको छ ।

*अद्यावधिक गरिएको आरएपीको कार्यान्वयन:* आरओडब्लूमा पर्ने घर तथा अन्य कुनै संरचना प्रतिस्थापन गर्न आवश्यक पर्ने रकम निकाशा गरिसकिएको छ । यसैगरी आर एण्ड आर सहयोगका लागि योग्य घरजग्गाधनीलाई पुनर्स्थापनाका लागि पनि रकम निकासा गरिसकिएको छ । तीन जिल्लामा कूल ५० घरसंरचना प्रभावित भएका छन् । धनुषाका ८ घरको पूरा क्षतिपूर्ति दिइसकिएको छ । रामेछापमा कूल १३ मध्ये ६ घरधनीले पूरै क्षतिपूर्ति बुझिसकेका छन् भने बाँकी ७ घरधनीले कूल क्षतिपूर्तिको ५० प्रतिशत रकम बुझेका छन् र उनीहरुको घर भत्काउन बाँकी छ । सिन्धुलीमा कूल २९ मध्ये १२ घरधनीले पूरै क्षतिपूर्ति रकम बुझिसकेका छन्, ५ जना घरधनीले ५० प्रतिशत रकम बुझेका छन् भने उनीहरुको घर पनि भत्काइएको छैन । र बाँकी १२ घरधनीले पहिलो किस्ताको ५० प्रतिशत पनि बुझेका छैनन् । आरओडब्लूअन्तर्गत बाँकी रिसेटलमेन्टको रकम र आर एण्ड आर सहयोगको निकासा प्रभावित घरधनीले उनीहरुको घर/संरचनाहरु भत्काइसकेपछि दिइनेछ ।

**च) चालु जीआरएम परियोजनाको सबलीकरण गर्ने**

सम्पन्न भइसकेको तथा हाल सञ्चालनमा रहेको ।

**छ) पूरक छलफल/परामर्श तथा प्रभावित समुदायसँग अन्तर्क्रिया**

एनइएद्वारा स्थानीय समुदायसँग पर्याप्त छलफल सञ्चालन गरिएको ।

सिन्धुली जिल्लामा प्रभावित समुदायसँग छलफल जारी छ ।

**ज) नयाँ सूचना सामग्री तयार गरी तीन क्षेत्र (खिम्ती, ढल्केबर र सिन्धुली) मा वितरण गर्ने**

सम्पन्न भइसकेको ।

**एक्सन प्लान (कार्ययोजना) को विस्तृत कार्यान्वयन स्थिती**

विस्तृत जानकारीको लागि तलको तालिकामा हेर्नुहोस् ।

**तालिका १. एक्सन प्लान (कार्ययोजना) कार्यान्वयन स्थितीको विस्तृत समीक्षा**

| कार्य | लक्ष्य तोकिएको मिति | सन् २०१५ मार्च १२ सम्मको प्रगति |
|---|---|---|
| क्षतिपूर्ति बक्यौताको निकासा, स्थानान्तरण र पुनर्स्थापना सहयोग सम्पन्न गर्ने | २०१३ अक्टोबर अन्त्यसम्म | **धनुषा जिल्लामा (आरओडब्लूको पूरा अवधि): सम्पन्न भएको ।**<br><br>● सबै टावर प्याडका लागि ४२ कित्ता जग्गा अधिग्रहण गर्ने कार्य (दुबै सरकारी र निजी जग्गा) पूरा भइसकेको र टावरहरु पनि ठड्याइसकिएको ।<br>o टावरका लागि अधिग्रहण गरिएको जग्गाको ९३ प्रतिशत क्षतिपूर्ति निकासा भइसकेको छ ।<br>o क्षतिपूर्तिको बक्यौता तिर्नका लागि जिल्ला प्रशासन कार्यालय (डीएओ) को बिशेष खातामा नेरु २६,७३७ बाँकी रहेको छ ।<br>● आरओडब्लूको क्षतिपूर्ति : आरओडब्लूबाट प्रभावित कूल १४५ जग्गा कित्तामध्ये ९८ कित्ता (६८ प्रतिशत) का जग्गाधनीलाई पूरै क्षतिपूर्ति दिइसकिएको छ ।<br>o हरसम्भव प्रयासहरु गरी स्थानीय अखवारमा सार्वजनिक सूचना प्रकाशन गरिएता पनि बाँकी जग्गा प्लटका धनीहरु भेटिएनन् ।<br>o बाँकी आरओडब्लूको क्षतिपूर्ति (१०० % र थप १० %) का लागि डीएओको विशेष खातामा नेरु २७,२५,९०३ सन् २०१४ अक्टोबर २७ मा जम्मा गरिएको । आजका दिनसम्म त्यस खातामा मौज्दात नेरु २४,९१,७४७ रहेको छ ।<br>**रामेछाप जिल्लामा (आरओडब्लूको पूरा अवधि) सम्पन्न भइसकेको** ।<br><br>● सबै ५१ वटा टावर प्याडको लागि जग्गा अधिग्रहण (दुबै सरकारी र निजी जमिनमा) सबै सम्पन्न भइसकेको र सबै टावरहरु ठड्याइएको ।<br>o टावर प्याडका लागि प्राप्त गरिएको जग्गाको ९५.४ % क्षतिपूर्ति निकासा भइसकेको छ ।<br>o बाँकी क्षतिपूर्ति तिर्नका लागि छुट्याइएको रकमध्येबाट डीएओको विशेष खातामा नेरु |

| | | |
|---|---|---|
| | | २,३०,८५९ बाँकी रहेको छ ।<br>● <u>आरओडब्लूको क्षतिपूर्ति</u> : आरओडब्ल्यूबाट प्रभावित कूल ५२० जग्गाको कित्तामध्ये २७५ कित्ता (५२ %) का जग्गाधनीलाई पूरै क्षतिपूर्ति दिइसकिएको छ ।<br>  o हरसम्भव प्रयास गरी एवम् स्थानीय अखवारमा सार्वजनिक सूचना प्रकाशन गरिएता पनि बाँकी जग्गा प्लटका धनीहरु फेला पार्न सकिएन ।<br>  o बाँकी आरओडब्लूको क्षतिपूर्ति (१०० % र थप १० %) का लागि डीएओको विशेष खातामा नेरु ५७,१०,२६७ सन् २०१४ अक्टोबर २७ मा जम्मा गरिएको ।<br>**सिन्धुली जिल्लामा (आरओडब्लूको पूरा लम्बाइमा ८२ वटा टावर):** विवादित आरओडब्लूमा १५९ जग्गाका कित्ताहरु प्रभावित भएकोमा, ३.८५ किमी मा अझैपनि समस्या समाधान भएको छैनः<br><br>● प्रभावित घरधुरीको मागलाई सम्बोधन गर्न नयाँ क्षतिपूर्तिको प्याकेज स्थानीय अखबारहरुबाट घोषणा गरिएको छ र सिन्धुली जिल्लामा थुप्रै भेला र सञ्चार कार्यक्रमहरु गरी ठूलो समुदायसमक्ष प्याकेजबारे पनि व्याख्या गरिसकिएको छ । बैंकको टिमले संघर्ष समितिका सदस्यहरुसँग काठमाडौंमै भेट गरी एवम् सिन्धुली जिल्लामा स्थलगत भ्रमण गरी स्थानीयहरुले नयाँ क्षतिपूर्तिको प्याकेजबारे राम्रोसँग जानेबुझेको कुरा निश्चित गरेको छ ।<br>● पूरै ३.८५ किमीमा नयाँ क्षतिपूर्ति प्याकेजअन्तर्गत फिडर रोडको लागि जग्गाको सर्वे गरिसकिएको र त्यसमा १५९ कित्ता जमिनका धनीहरु १२३ जना रहेको पाइएको छ । ती जग्गााको सूचि र जग्गाधनीको नाउँ स्थानीय अखबारमा प्रकाशित गरिसकिएको छ । बैंकले संघर्ष समितिसँग भेटेर र स्थलगत भ्रमणबाट त्यहाँका प्रभावित जग्गाका कित्ताहरु र जग्गाधनीहरुको बारेमा कुनै पनि भ्रम नरहेको कुरा जनाएको छ ।<br>● जग्गाको मूल्य निर्धारण गर्ने समितिले प्रभावित जग्गाहरुको मूल्य पनि यकिन भइसकेको छ ।<br>● नेपाल सरकार, सडक विभागअन्तर्गतको डिभिजन कार्यालय जनकपुरले सिन्धुली जिल्लाको कमलामाई नगरपालिकामा ती १५९ कित्ता जमिन जग्गाप्राप्ति ऐनअनुसार आरओडब्लूमा फिडर रोड बनाउनका लागि जग्गा अधिग्रहण गरिसकेको छ ।<br>● स्थानीयहरुले उठाएको चासोअन्तर्गत स्वास्थ्य, सांस्कृतिक र धार्मिक क्षेत्र विद्यालय, |

| | | |
|---|---|---|
| | | आरओडब्लूको जग्गा प्रयोग र जिआरएम जस्ता कुराहरुमा एनइएले अद्यावधिक गरिएको परियोजनाको सञ्चार सामग्रीको प्रयोगसहित पूरक छलफल गरेको छ ।<br>● प्रभावित जग्गाधनीलाई जग्गाको मूल्यको १०० % मुआब्जा वितरणका लागि सडक विभागबाट डीएओलाई बजेट निकासा भइसकेको छ । प्रभावितबाट आएको क्षतिपूर्ति दाबीको रेकर्ड राख्ने, रुजू गर्ने तथा वितरण गर्ने जिम्मा डीएओको नै हो ।<br>● आरओडब्लू/फिडर रोड खण्डमा क्षतिपूर्ति बाँड्ने काममा प्रगति कूल १५९ जग्गाका (१२३ जग्गाधनीहरु) मध्ये निम्न पत्ता कुरा पत्ता लगाएको छ ।<br>o **१२४ टुक्रा जग्गाका** (७८ %) जग्गाधनीले नयाँ क्षतिपूर्तिको प्याकेज स्वीकारेका छन् । ११७ कित्ताका जग्गाधनीलाई क्षतिपूर्ति रकम दिइसकिएको छ भने बाँकी ७ कित्ता जग्गाका जग्गाधनीलाई क्षतिपूर्ति दिने कार्यको प्रक्रिया सुरु भइसकेको छ ।<br>o **३५ कित्ता जग्गा** (२२ %)का जग्गाधनीले अझैपनि नयाँ क्षतिपूर्ति स्वीकारेका छैनन् (सन् २०१४ मार्च महिनामा गरिएका छलफलबाट केहीले स्वीकार गर्न मानेका छैनन् भने अरु केहीले क्षतिपूर्तिसम्बन्धी छलफलमा बस्न समेत चाहँदैनन् भन्ने पाइएको थियो ।<br>o त्यही ३५ कित्ता जग्गाको पूरा मुआब्जाका लागि छुट्याइएको बाँकी रकम डीएओको बिशेष खातामै रहेको छ । |
| सञ्चार/सामाजिक विज्ञको नियुक्ति | २०१३ अक्टोबर अन्त्यसम्ममा | ● एक सञ्चार अधिकृत सन् २०१३ नोभेम्बरमा नियुक्ति गरिएको छ र ती अधिकृतले कार्यभार समालेर एनइएलाई स्थानीय तहमा छलफल परामर्श गर्न, सूचना प्रवाह गर्नका लागि कार्यक्रमहरु तय गर्न एवम् स्थानीय समुदायसँग सम्पर्क गर्न सघाएका छन्;<br>● संचार अधिकृतले संघर्ष समितिका सदस्यहरुसँग बारम्बार भेट गरी उनीहरुको पीरमर्का गुनासोको अभिलेखीकरण गर्दै आएका छन्; |
| मुख्य समुदायहरुमा समुदाय सम्पर्क अधिकृतको नियुक्ति | २०१३ अक्टोबर अन्त्यसम्ममा | परियोजनाबाट प्रभावित मानिसहरुमध्येबाट नियुक्त गरिएका एकजना सम्पर्क अधिकृतले २०१४ को मार्च महिनादेखि स्थानीयहरुले गुनासो पोख्ने पहिलो सम्पर्क व्यक्ति भई काम गरेका छन् र ती अधिकृत नयाँ प्रोजेक्ट ग्रिभान्स रिड्रेस मेकानिज्म (जीआरएम) अन्तर्गत काम गरिरहेका छन्; |

| | | |
|---|---|---|
| | | स्वास्थ्यमा पर्न सक्ने चासोको सम्बन्धमा एनइएले इन्जिनियरिङ इन्स्टिच्युटका अकुपेशनल हेल्थ हाजार्ड अर्थात् काम गर्दा स्वास्थ्यमा पर्न सक्ने खतरा  बारेका एक प्रोफेसर (प्राध्यापक) नियुक्त गरेको छ। ती प्रोफेसरको काम प्रसारण लाइनले जनस्वास्थ्यमा के कस्तो असर पर्छ भनी सञ्चार गर्ने रहेको छ। |
| भीसीडीपी र एआरएपीको अद्यावधिक गर्ने | २०१३ अक्टोबर | • बैंकले भीसीडीपी र एआरएपीलाई अद्यावधिक गरी सार्वजनिक गरिसकेको छ। ती दस्तावेजहरु निम्नानुसार सार्वजनिक गरिएको छ।<br>• अंग्रेजी संस्करणहरु एनइएको वेभसाइटमा सन् २०१४ अप्रिल ४ र बैंकको इन्फोसप वेबसाइटमा सन् २०१४ मार्च १ मा भीसीडीपी र मार्च ३१ मा एआरएपी राखिएको छ।<br>• एनइएको वेबसाइटमा नेपाली संस्करणहरु २०१४ अप्रिल १७ मा राखिएको थियो।<br>• ती दुवै दस्तावेजहरु छापेर परियोजना क्षेत्रका स्थानीयहरुबीच २०१४ को मई १० मा वितरण गरिएका थियो। |

| | | |
|---|---|---|
| अद्यावधिक गरिएको भीसीडीपी र एआरएपीको पूरा कार्यान्वयन | नोभेम्बर २०१३ | • *अद्यावधिक गरिएको आरएपी को कार्यान्वयन* जारी छ। परियोजनाले प्रसारण लाइनको दायाँ बायाँ कूल ३० मीटर क्षेत्रमा रहेका स्थायी घर/संरचनाहरुको धनीलाई पुनर्वास रकम एवम् आर एण्ड आर सहयोग अन्तर्गत क्षतिपूर्तिस्वरुप धनुषा जिल्लामा नेरु ७७,०००, रामेछाप जिल्लामा नेरु ८८,००० र सिन्धुली जिल्लामा नेरु १९९,००० क्षतिपूर्ति दिइएको छ। यसमा क्रमशः ती जिल्लाहरुलाई छुट्याइएको कूल रकमको ८७.५ %, ५७.१ %, ४८.७ % हुन आउँछ। तीन जिल्लामा कूल ५० घर/संरचना प्रभावित भएका छन्। धनुषाका पूरा ८ घरधनीलाई क्षतिपूर्ति दिइसकिएको छ। रामेछापमा कूल १३ मध्ये ६ घरधनीले पूरै क्षतिपूर्ति बुझिसकेका छन् भने बाँकी ७ घरधनीले कूल क्षतिपूर्तिको ५० प्रतिशत रकम बुझेका छन् र उनीहरुको घर भत्काउन बाँकी छ। सिन्धुलीमा कूल २९ मध्ये १२ घरधनीले पूरै क्षतिपूर्ति रकम बुझिसकेका छन्, ५ जना घरधनीले ५० प्रतिशत रकम बुझेका छन् भने उनीहरुको घर पनि भत्काइएको छैन। र बाँकी १२ घरधनीले पहिलो किस्ताको ५० प्रतिशत पनि बुझेका छैनन्। आरओडब्लूअन्तर्गत बाँकी रिसेटलमेन्टको रकम र आर एण्ड आर सहयोगको निकासा प्रभावित घरधनीले उनीहरुको घर/संरचनाहरु भत्काइसकेपछि दिइनेछ।<br>• *भीसीडीपीको कार्यान्वयन*: भीसीडीपी कार्यान्वयनका लागि एनइएको परियोजना एकाइले एनइएकै इएसएसडीसँग एक एमओयू (सम्झौता) मा २०१४ को जुन १३ मा हस्ताक्षर गऱ्यो। भीसीडिपीको कार्यान्वयनको अवस्था निम्नबमोजिम रहेको छ।<br>क) स्थलगत सर्वेक्षण, छलफल, परामर्श, सम्भाव्यता अध्ययन, डिजाइन, भीसीडीपीको खर्च अनुमान सबै जिल्लामा सकिएको;<br><br>ख) कार्यान्वयनको लागि बजेटको स्वीकृती एनइएले दिइसकेको तथा अर्थ मन्त्रालयबाट एनइएलाई रकम पनि निकासा भइसकेको छ।<br><br>ग) भीसीडीपी कार्यक्रमको कार्यान्वयनको अवस्था सारांशमा तल दिइएको छ। |

| | | |
|---|---|---|
| | | |

| **भीसीडीपी कार्यक्रमहरु** | **धनुषा** | **रामेछाप** | **सिन्धुली** |
|---|---|---|---|
| जनजीविका सुधार एवम् आम्दानी कार्यक्रम | पूरा | पूरा | इन्स्पेक्सन प्यानल रिपोर्टको लागि स्थानीय समुदाय प्रतीक्षारत रहेकोले सुरु नभएको |
| व्यवसायिक सीप विकास तालिम | पूरा | पूरा | सिन्धुलीगढी किल्लाको संरक्षण कार्यः सम्पन्न भएको |
| समुदाय पूर्वाधार सपोर्ट कार्यक्रमको निर्माण | निर्माणः जारी रहेको र विभिन्न प्राजेक्टको कार्य जुन २०१५ सम्ममा सकिने | निर्माणः जारी रहेको र विभिन्न परियोजनाको कार्य जुन २०१५ सम्ममा सकिने | अन्य पूर्वाधार परियोजनाहः स्थानीयको अवरोधका कारण एनइए इएसएसडी टिमले निर्माण कार्य सुरु गर्न सकेको छैन । स्थानीयहरु कुनै पनि परियोजना सम्बन्धी काम सुरु हुनुअगाडि इन्स्पेक्सन प्यानल रिपोर्ट सार्वजनिक हुने पर्खाइमा छन् । |

| | | |
|---|---|---|
| हाल चालू रहेको जीआरएमको सबलीकरण | २०१३ अक्टोबर | • नाम र सम्पर्क सूचनाहरुसहितको नयाँ जीआरएम सन् २०१४ मार्च १७-२० हुने स्थलगत छलफलका लागि व्यापक रुपमा वितरण गरियो ।<br>• नयाँ जीआरएम तीन तहमा सञ्चालन गरिन्छ : अ) सूचना र सम्पर्क अधिकृत; आ) प्राजेक्ट म्यानेजर; र इ) प्रमुख जिल्ला अधिकारी;<br>• परियोजनाबाट प्रभावित समुदाय तथा अन्य समुदायलाई सञ्चार अधिकृत तथा सम्पर्क अधिकृतले नै परियोजनाको अग्रपंक्तिमा रही तिनीहरुको गुनासो सुन्ने र पहिलो तहमा समाधान गर्ने कुरा सूचित गएिको थियो ।<br>• परियोजना कर्मचारीले जीआरएमअन्तर्गत सबै गुनासो पीरमर्का/परामर्श/गरिएका कार्यहरुको लगत राख्ने सिस्टमलाई व्यवस्था गर्नेछ । |
| आरओडब्लूको विवादित विषयमा निष्कर्षमा पुग्नका लागि प्रभावित समुदायसँग छलफल, परामर्श र अन्तर्क्रिया जारी राख्ने | परियोजना कार्यान्वयनको बाँकी समयमा पनि जारी राख्ने | **भीसीडीपी र आरएपी अद्यावधिक गर्नका लागि**<br>• भीसीडीपीको अद्यावधिक गर्नका लागि इएसएसडीको टिमले आइपीहरु र जोखिममा परेका समूहहरुसँग सन् २०१४ को १-१५ सम्म ५१ वटा छलफलहरु गऱ्यो । उक्त समूहमा जिल्लाका ४६ % महिलासहित ७७५ जना सहभागी थिए;<br>• बैंकको सोसल डेभलेपमेन्ट कन्सल्ट्यान्टले इएसएसडीसँगको छलफलको समयमा १५ क्षेत्रको भ्रमण गरेका छन्;<br>**सिन्धुली जिल्लामा छलफल परामर्श तथा सञ्चारका लागि**<br>• सन् २०१४ फेब्रुअरीदेखि नै सञ्चार अधिकृत प्रभावित समुदायमा छलफल तथा सम्पर्कमा छन्;<br>• स्वास्थ्यमा पर्न सक्ने चासोको सम्बन्धमा, इन्जिनियरिङ इन्स्टिच्युटका अकुपेशनल हेल्थ हाजार्ड अर्थात् काम गर्दा स्वास्थ्यमा पर्न सक्ने खतरा बारेका विज्ञ प्रोफेसरले सिन्धुली जिल्ला भ्रमण गरी स्थानीय समुदायसँग प्रसारण लाइनले उनीहरुको स्वास्थ्यमा के असर पार्दछ भन्ने बिषयमा दुइपटक छलफल गरेका थिए ।<br>• बैंकको सहभागितामा एनइएमा सन् २०१४ फेब्रुअरी २२-२५ मा एक मुख्य छलफल संचालन गरेको थियो । स्थानीयको सबै चासो छलफल र अन्तर्क्रियाको साथै जसमा संघर्ष समितिका |

| | | |
|---|---|---|
| | | प्रतिनिधिहरु र एपीहरु पनि सम्मिलित एनइए र बैंकको संयक्त टोलीले प्रभावित हने भनिएका विद्यालय, सांस्कृतिक तथा धार्मिक क्षेत्रहरुको भ्रमण पनि गरेको थियो ।<br>क) त्यस समितिले तीमध्ये कुनै पनि आरओडब्लूमा नपर्ने कुरा पक्का गऱ्यो तर सिन्धुलीगढीको किल्ला (यहाँका थुप्रै संरचनाहरुको प्रयोग गरी नेपालको इतिहासमा नेपालले विदेशी आक्रमणमा विजय हासिल गरेको थियो) को सहायक संरचनाको एक भाग माथिबाट प्रसारण लाइन तानिएको भएपनि उक्त संरचना हटाउनु नपर्ने ।<br><br>ख) स्थानीय मानिसहरु र सरकारी निकायहरुसँग छलफलको आधारमा उक्त ऐतिहासिक संरचनाको संबर्द्धनका उपायहरु तयार गरी भीसीडीपीमा समावेश गरी यसलाई अद्यावधिक गरियो ।<br><br>● सन् २०१४ मार्च १७-२० मा एनइए र कन्ट्री डाइरेक्टर तथा बरिष्ठ कर्मचारीहरु सम्मिलित बैंकको टिमले विभिन्न सरोकारवालाहरुसँग छलफल गरे । यसमा निम्न कुराहरु समावेश छन्:<br>क) संघर्ष समिति, अकाउन्टबिलिटी काउन्सिल प्रतिनिधि, पीएपीहरु र परियोजनामा चासो राख्ने काठमाडौं र सिन्धुलीका स्थानीयसँग छलफल;<br><br>ख) विवादित ३.८५ किमीको आरओडब्लूबाट प्रत्यक्ष प्रभावित घरधुरीसँग छलफल गर्दै, उनीहरुको प्रश्नहरुको जवाफ तथा परियोजनाको सूचना वितरण;<br><br>ग) मानिसहरुको चासो सम्बोधन तथा सञ्चार गर्न सिन्धुली जिल्लामा राजनीतिक नेता तथा सञ्चारमाध्यमसँग भेटघाट र परियोजनाको बारेमा जानकारी दिने ।<br><br>घ) धार्मिक तथा ऐतिहासिक महत्वका क्षेत्रहरुको भ्रमण जसमा कमलामाई मन्दिर, भद्रकाली |

| | | |
|---|---|---|
| | | मन्दिर र सिन्धुलीगढी (गढी किल्ला) पर्दछन् । |
| नयाँ सूचना सामग्रीहरु विकास गरी तीन क्षेत्रहरु (खिम्ती, ढल्केबर, र सिन्धुली ) मा वितरण गर्ने | नोभेम्बरको अन्त्यसम्ममा; एनइएले समाजिक विज्ञ नियुक्ति गर्ने कुरामा भर पर्दछ | सन् २०१४ मार्च १७-२० सम्म गरिएको भ्रमणका बेलामा परियोजनाका बारेमा विभिन्न प्रकारका सूचना सामग्रीहरु नेपाली भाषामा तयार गरी स्थानीय समुदाय तथा स्थानीय सञ्चारमाध्यमलाई वितरण गरिएको थियो । सामग्रीहरुमा निम्न कुरा समेटिएको थियो ।<br>• विद्युतीकरणले पुऱ्याउने फाइदाबारे परियोजनाको जानकारी र सचित्र सामग्री;<br>• आरओडब्लूबाट प्रभावित क्षेत्र र आरओडब्लूमा गर्न नपाइने कुराहरुको सचित्र सूचना;<br>• स्वास्थ्यमा पार्नसक्ने प्रभावसहित परियोजनाका अन्य प्रभाव र क्षतिपूर्ति अधिकार;<br>• यूरोप, अमेरिका र काठमाडौंको शहरी क्षेत्रमा पनि रहेका आरओडब्लूहरुको उदाहरणसहित तस्वीरहरु;<br>• संरचनासहितको परियोजना तहको जीआरएम र त्यसका विभिन्न तहका सम्पर्क सूचनाहरु । |

*“यो प्रतिवेदन मूल अंग्रेजी संशकरणको नेपाली अनुवाद हो । यसमा उल्लेखित वाक्यांश तथा अर्थ फरक पर्न गएकोमा मूल अंग्रेजी संशकरण नै मान्य हुनेछ । यस प्रतिवेदनको मूल अंग्रेजी संशकरणलाई मात्र आधिकारिक संशकरण मानिनेछ ।”*